# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## गढवा गाउँपालिका,
## दाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १६०

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गढवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गढवा, दाङ ।

**कैफियत सहितको राय**

हामीले गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गढवा गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.८ करोड २३ लाख ८६ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. १ करोड ६३ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७२ लाख ४ हजार, नियमित गर्नुपर्ने रू.३ करोड २३ लाख ४७ हजार र पेश्की रू.१ करोड ६५ लाख २ हजार रहेको छ। पालिकाको गतवर्ष १८ करोड ८ लाख ३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू २६ करोड ३१ लाख ८९ हजार रहेको छ ।पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गढवा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गढवा गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९७ | ५६ | ८२३८६ | ० | ० | ० | ९७ | ५६ | ८२३८६ | १६३३३ | ३२३४७ | १७२०४ | ० | ० | ४९५५१ | १६५०२ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | १८१८७१ | ० | १०६८ | १८०८०३ | ० | ८२३८६ | २६३१८९ |



# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गढवा गाउँपालिका, दाङ , गढ़ावा गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लाल बहादुर योगी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शम्भु राज आचार्य | २०७७-४-१ | २०७८-३-३१ |
| | | बेरुजु रकम | ८२,३८५,६०० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २३,८१,९२,४४४.७८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६,५६,८६,३५० | चालु खर्च | ३५,११,२९,२०२.७ |
| प्रदेश सरकारबाट अनुदान | ४,४३,८५,००० | पूँजीगत खर्च | २१,४५,५०,०६४ |
| राजश्व बाँडफाँट | १०,५३,४७,०७७.८३ | वित्तीय/अन्य व्यवस्था | २४,०३,९५,६२६.४५ |
| आन्तरिक आय | ६,८२,१३,४३२.०४ | | |
| अन्य आय | १६,८९,५३,३४४.३३ | | |
| कुल आय | ७५,२५,८५,२०४.२ | कुल खर्च | ८०,६०,७४,८९३.१५ |
| बाँकी मौज्दात | | १८,४७,०२,७५५.८३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उद्धेश्य हो । लुम्बिनीप्रदेशस्थित दाङ्ग जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ८ वडा, मनोनित २ समेत ४४ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र गढवा गाउँपालिका क्षेत्र भित्र रहेको छ ।<br><br>लेखापरीक्षणको क्रममा अनुगमन भत्ता बढी भुक्तानी रु.५९५०, पारिश्रमिक कर रु.७६४९४। र प्रकोप व्यवस्थापनकोमा बेरुजु दाखिला रकम रु. १६३९३४। समेत रु २४६,३७८।असुल भई दाखिला भएको छ।<br><br>कार्यालयको आ.व. २०७७।७८ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम, व्यवस्थापन प्रतिनिधित्वपत्र र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसँग मिति २०७८/१२/२२ मा छलफल गरी छलफल पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| २ | | | **वित्तीय विवरण**<br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ। | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८,९७,१९,३४७.५१ | ५४,४६,४५,३०२.२९ | | ५४,४६,४५,३०२.२९ | ६५,८७,९८,६९९.०१ | | ६५,८७,९८,६९९.०१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५७,२२,२२,८२२.०१ | ५२,०६,४६,४३६.७९ | ० | ५२,०६,४६,४३६.७९ | ५१,३३,५७,४९७.०१ | ० | ५१,३३,५७,४९७.०१ |
| ११००० कर | ११ | ११,८४,२६,७७० | ११,२६,८५,९८५.६४ | ० | ११,२६,८५,९८५.६४ | ११,१६,३४,०२६.०१ | ० | ११,१६,३४,०२६.०१ |
| १३००० अनुदान | | ४१,३०,२३,३५० | ३५,००,३५,१४६.८८ | ० | ३५,००,३५,१४६.८८ | ३६,५२,२०,००० | ० | ३६,५२,२०,००० |
| संघीय सरकार | १२ | ३६,५६,८६,३५० | ३१,४४,९०,७२४.८८ | ० | ३१,४४,९०,७२४.८८ | ३२,९८,२३,००० | ० | ३२,९८,२३,००० |
| प्रदेश सरकार | १२ | ४,७३,३७,००० | ३,५५,४४,४२२ | ० | ३,५५,४४,४२२ | ३,५३,९७,००० | ० | ३,५३,९७,००० |
| १४००० अन्य राजस्व | | ४,०७,७२,७०२.०१ | ५,७४,१९,७८६.२७ | ० | ५,७४,१९,७८६.२७ | ३,६५,०३,४७१ | ० | ३,६५,०३,४७१ |
| १५००० विविध प्राप्ति | | ० | ५,०५,५१८ | ० | ५,०५,५१८ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,७४,९६,५२५.५० | २,३९,९८,८६५.५० | | २,३९,९८,८६५.५० | १४,५४,४१,२०२ | | १४,५४,४१,२०२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | १,३०,४०,२७९ | ० | १,३०,४०,२७९ |
| कोषहरु | | १,७४,९६,५२५.५० | १,७४,९६,५२५.५० | ० | १,७४,९६,५२५.५० | २,५६,१५,३४५ | ० | २,५६,१५,३४५ |
| धरौटी | | ० | ६५,०२,३४० | ० | ६५,०२,३४० | ६७,२९,३१५ | ० | ६७,२९,३१५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १०,००,५६,२६३ | ० | १०,००,५६,२६३ |
| भुक्तानी (ग+घ) | | ७९,७३,०४,२६८.६२ | ५८,००,८०,४१४.५३ | | ५८,००,८०,४१४.५३ | ५०,६९,७८,११०.८१ | | ५०,६९,७८,११०.८१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७७,९८,०७,७४३.१२ | ५६,५६,७९,२६६.७० | | ५६,५६,७९,२६६.७० | ३८,७०,०९,९९४.८८ | | ३८,७०,०९,९९४.८८ |
| २१००० पारिश्रमिक / | १८ | १५,१२,३१,४५१ | १३,९६,७३,३६४.९५ | ० | १३,९६,७३,३६४.९५ | १३,३७,३६,३४६.९१ | ० | १३,३७,३६,३४६.९१ |


https://nams.oag.gov.np

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सुविधा | | | | | | | | |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,८९,२५,००० | ८,४५,५३,४९२.८८ | ० | ८,४५,५३,४९२.८८ | ७,१३,६७,१६५.९० | ० | ७,१३,६७,१६५.९० |
| २५००० सहायता (Subsidy) | १८ | ५,२७,९०,००० | ४,०३,७०,७२९ | ० | ४,०३,७०,७२९ | २,९०,९२,९६३.६७ | ० | २,९०,९२,९६३.६७ |
| २७००० सामाजिक सुरक्षा | १८ | २,४२,१२,००० | १,६१,७५,५७२.३३ | ० | १,६१,७५,५७२.३३ | ७५,११,६९९ | ० | ७५,११,६९९ |
| २८००० अन्य खर्च | १८ | ७,०९,४५,९०३.५४ | ७,०३,५६,०४३.५४ | ० | ७,०३,५६,०४३.५४ | ६,९१,६०० | ० | ६,९१,६०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३५,१७,०३,३८८.५८ | २१,४५,५०,०६४ | ० | २१,४५,५०,०६४ | १४,४६,१०,२१९ | ० | १४,४६,१०,२१९ |
| घ. अन्य भूक्तानी | | १,७४,९६,५२५.५० | १,४४,०१,१४७.८३ | | १,४४,०१,१४७.८३ | ५०,६९,७८,११०.८१ | | ५०,६९,७८,११०.८१ |
| कोषहरु | | १,७४,९६,५२५.५० | ७९,५४,२०४.८३ | ० | ७९,५४,२०४.८३ | १,७६,५१,८२७.३३ | ० | १,७६,५१,८२७.३३ |
| धरौटी | | ० | ६४,४६,९४३ | ० | ६४,४६,९४३ | २२,६०,०२६ | ० | २२,६०,०२६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | १०,००,५६,२६३ | ० | १०,००,५६,२६३ |
| ङ. यो वर्षको बचत (न्युन) | | (२०,७५,८४,९२१.११) | (३,५४,३५,११२.२४) | | (३,५४,३५,११२.२४) | १५,१८,२०,५८८.२० | | १५,१८,२०,५८८.२० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २१,७१,८८,६४८.११ | | २१,७१,८८,६४८.११ | ८,११,१०,६१२.५९ | | ८,११,१०,६१२.५९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२०,७५,८४,९२१.११) | १८,१७,५३,५३५.८७ | | १८,१७,५३,५३५.८७ | २३,२९,३१,२००.७९ | | २३,२९,३१,२००.७९ |
| बैंक तथा नगद बाकी | २४ | | २२,६३,८३,१९३.८७ | | २२,६३,८३,१९३.८७ | २३,८१,९२,४४४.७८ | | २३,८१,९२,४४४.७८ |

कार्यालयले तयार गरेको आय-व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

- एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु.७५,२५,८५,२०४।२ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति अनुसार रु.५२,०६,४६,४३६।७९ रहेकोले कार्यालयको आम्दानीमा रु.२३,१९,३८,७६७।४१ फरक परेको एकिन गर्नुपर्दछ।
- सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाब अनुसार गत बर्ष २०७७ आषाढ मसान्तको मौज्दात रु.२३,८१,९२,४४४।७८ रहेकोमा यो बर्ष २०७७ श्रावणको शुरु मौज्जात जिम्मेवारी रु२१,७१,८८,६४८।११ सारेकोले रु.२,१०,०३,७९६।६७ घटी जिम्मेवारी सारेको कारण उल्लेख नभएकोले एकिन गर्नुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| | | | • आ.ब २०७६।७७ को म.ले.प प्रतिवेदन अनुसार कार्यालयको बैङ्क मौज्दात रु.२३,०२,३२,७००।७९ रहेकोमा यस बर्ष रु.२३,८१,९२,४४४।७८ जिम्मेवारी सारेको छ। कार्यालयले गत बर्षको मौज्दात बाँकी भन्दा रु.७९,५९,७४३।९९ बढी जिम्मेवारी सारेकोमा बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन। बैङ्क हिसाब मिलान विवरण तयार गरी मौज्दात रकम फरफारक गर्नुपर्दछ।<br>• कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु.१८,४७,०२,७५५।८३ रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी मौज्दात रकम रु.२२,६३,८३,१९३।८७ रहेकोले रु.४,१६,८०,४३८।०४ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।<br>• अन्तर सरकारी अख्तियारी सुत्रमा समावेश गरेको छैन। कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तर सरकारी अख्तियारी तर्फको प्रमाणीत आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा गरेको छैन। | |
| ३ | | | **खरिद व्यवस्थापन**<br>गाउँपालिकाको खरिद व्यवस्थापन सम्बन्धमा देखिएका नियन्त्रण व्यवस्था निम्नानुसार छन् | |
| ३.१ | | | **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु नियम बमोजिम क्रमबद्ध नराखेको, ठेक्का मूल्याँकन सम्झौता र सो सम्बन्धी कागजात अन्तिम विल भुक्तानीको गोश्वारा भौचरसंग राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकी ठेक्का सम्बन्धी फाईल पूर्णत विश्लेशण गर्न सकिएन । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । | |
| ३.२ | | | **म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ३ बमोजिम सम्झौता बमोजिम म्याद थप गर्न मनासिव देखिएमा शुरु सम्झौताको १५ प्रतिशत अवधि सम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी २५ प्रतिशत सम्म म्याद थप गर्नुपर्ने भएमा बिभागीय प्रमुखले म्याद थप गर्न सक्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न गर्नुपर्ने गरी व्यवस्थापन भएका अधिकाँश ठेक्का म्याद भित्र समाप्त भएको छैन । कार्यालयको म्याद थप प्रकृया विश्लेषण गर्दा निर्माण व्यवसायीको निवेदन वेगर सवै म्याद थप गर्नु पर्ने ठेक्काहरुको नाम नामेसी उल्लेख नगरी एकमुष्ट रुपमा कार्यपालिकाले म्याद थप गरेको छ । नियम अनुसार ठेक्काको म्याद थप गर्ने तथा निर्माण व्यवसायीले ठेक्का सम्झौतामा उल्लेख भएको म्याद भित्र कार्य सम्पन्न गर्नु पर्दछ । | |
| ३.३ | | | **निर्माण कार्यको गुणस्तर** – खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जसअनुसारखरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएकोगुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिका कोष पूँजीगतवाट रु. १८३८६२३४३।- संघीय सरकार हस्तान्तरित | |

| | | | | |
|---|---|---|---|---|
| | | | पूँजीगतबाट रु २०४०१३९२। निर्माण कार्यको लागि खर्च गरेकोमा अधिकाँश योजनाको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ । | |
| ३.४ | | | **सार्वजनिक सुनवाई** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले ऐन बमोजिमको सार्वजनिक परीक्षण गरेको छैन । ऐन बमोजिम सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई हुनुपर्दछ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम**<br>बजेट तथा कार्यक्रम सम्बन्धमा कार्यालयको नियन्त्रण व्यवस्था निम्नानुसार देखिन्छ | |
| ४.१ | | | **बजेट तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरिसक्नु पर्ने र दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । पालिकाले २०७७।३।१० मा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरी मिति २०७७।४।६ मा रु. ५२ करोड १८ लाख २४ हजार वजेट पारित गरेकोमा रु ६६,०७,५१,६८१।५८ कार्यान्वयनको लागी प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा पारित गरेको बजेट भन्दा रु १३८९२७६८२। बढी अख्तियारी दिएकोमा अख्तियारी पत्रमा मिति समेत उल्लेख गरेको छैन । सभाले पारित गरेको भन्दा बढी बजेट अख्तियारी दिन मिल्ने देखिंदैन । अत स्वीकृत बजेटको सिमाभित्र र कानूनले तोकेको अवधि भित्र बजेट स्वीकृत गरी अख्तियारी प्रदान गरिनुपर्दछ । | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७७ श्रावण ६ मा सभावाट पारित बजेटमा गापा अध्यक्ष सम विकास कोषमा रु १२ लाख उपाध्यक्ष सम विकास कोषमा रु ६ लाख ८ वटै वडाको वडाध्यक्षको लागि ३ लाखका दरले रु २४ तथा तथा महिला तथा बालवालिका शाखाको लागि रु ५० लाख समेत रु ९२ लाख अवण्डा विनियोजन गरेको छ । योजनामा खर्च गरिने रकम योजना तर्जुमा प्रक्रिया पुरा गरी योजनागत रुपमा विनियोजन गरी खर्च गरीनु पर्दछ । | |
| ४.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यलायले यस बर्ष रु २७८८३७५०७।०८ अर्थात ४२.२० प्रतिशत रकमान्तर गरेकोले ऐनले तोकेभन्दा बढी रकमान्तर गरेको देखिएकोले ऐनको पालना गरेको छैन ।यसमा सुधार हुनुपर्दछ । | |
| ४.४ | | | **स्रोत अनुमान समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट सिमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्धारण गर्नुपर्ने तथा समितिले प्रत्येक वर्षको बैसाख १० गते भित्रै कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनले तोकेको सिमाभित्र समितिले कार्य सम्पन्न गरेको छैन ।कार्यालयले स्रोत अनुमान समितको बैठक एनले तोके भन्दा ढिलो गरी मिति २०७७।३।४ मा बैठक बसे पनि स्रोत र सिमा निर्धारण गरेको देखिएन ।ऐनले तोकेको समयमा समितिको बैठक बस्ने र वडागत सिलिङ तोक्नु पर्दछ । | |
| ४.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमानसाथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ । जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ । कार्यपालिको शिफारीस अनुसार मिति २०७७।१२।३ मा बसेको आठौं सभाले रु. ८२७८४५४४।५७ का १०० योजना तथा कार्यक्रम संशोधन गरी पारित गराएको देखियो । योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वियन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो । योजना छनौटका प्रक्रिया पूरा गरी असारको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानुपर्ने देखियो । | |
| ४.६ | | | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । नगरपालिकाको २०७७।७८ को बजेट तर्जुमा समितिको बैठक बसी गरेका निर्णयहरु लेखापरीक्षणमा पेश भएन । | |
| ४.७ | | | **स्थानीय तथ्याङ्क**, **अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ४.८ | | | **क्षेत्रगतबजेटरखर्चकोस्थिति**ःस्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५९६४२४२५ | ३८९६१८९५ | ६.८९ |
| २ | पूर्वाधार विकास | १५०४६८६७९ | ८५०४२९३६ | १५.०३ |
| ३ | सामाजिक विकास | ३६३९१७६३४.५८ | २६७३१७६८३.२१ | ४७.२६ |
| ४ | बातावरण तथा विकास | ०. | ०. | ०. |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | ४१६००००० | २३६१२१०३ | ४.१७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६४१७९००४.५४ | १५०७४४६४९.४९ | २६.६५ |
| जम्मा | | ७७९८०७७४३ | ५६५६७९२६७ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.२६ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्रमा सबै भन्दा घटीमा ४.१७ प्रतिशत रहेको छ भने वातावरण विकास क्षेत्रमा वजेट विनियोजन नै गरेको छैन ।

४.९ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक र बार्षिक प्रतिवेदन तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी तालुक निकायमा प्रगति पठाएको छैन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

५ **सम्पत्ति उपयोग र संरक्षण**

कार्यालयको सम्पत्ति उपयोग र संरक्षण उपयोग सम्बन्धमा देखिएको आन्तरीक नियन्त्रण व्यवस्था निम्नानुसार देखिन्छ ।

५.१ साविक गाउँपालिकाबाट सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने, साविक संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने तथा साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गर्नुपर्नेमा सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । अभिलेख अद्यावधिक गरीनु पर्दछ ।

५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा आंशिक रुपमा लगत राखेको छ । लगत अद्यावधिक गरिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ५.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७(१) बमोजिम सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग, सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्ने, सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्ने, संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना गर्ने र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था भए पनि कार्यालयले अभिलेख राखेको तथा सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । ऐन बमोजिम सार्वजनिक सम्पत्तको संरक्षण गरिनु पर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षण**<br>कार्यालयको वित्तीय विवरण परीक्षण सम्बन्धमा देखिएका आन्तरीक नियन्त्रण व्यवस्था निम्नानुसार देखिएको छ । | |
| ६.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन । नियममा भएको व्यवस्था पालना गरिनु पर्दछ । | |
| ६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोष स्थापना गरेको छैन । ऐन बमोजिम अवकाश कोष स्थापना हुनुपर्दछ । | |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग**<br>अनुदान प्राप्ती, वितरण, उपयोग सम्बन्धमा कार्यालयको नियन्त्रण व्यवस्था निम्नानुसार देखिन्छ । | |
| ७.१ | | | **आार्थिक सहायता** - महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन कानूनी व्यवस्था गरी भुक्तानी गर्नुपर्नेमा यसवर्ष नगरपालिका चालु शिर्षकवाट विपन्न तथा औषधि उपचारको लागि कार्यलयमा सहायता माग गर्नेको निवेदनका आधारमा गाउँपालिका अध्यक्षको तोक आदेश तथा कार्यपालिकाको निर्णयबाट जात्र पर्व महोत्सवमा रु ५००००।- र रु १००० देखि २०००० सम्म को रु. १३१०००।- समेत रु १८१०००।- आर्थिक सहायता वितरण गरेको छ । औषधोपचार मा खर्च भएको रु १३१०००। पूँजीगत शिर्षकको समपुरक कोष शिर्षकवाट वितरण गरेको छ । पूँजीगत खर्च शिर्षकबाट आर्थीक सहायता दिन नमिल्नेमा दिएकोले यस्तो कार्यमा नियन्त्रण गरिनुका साथै कानूनी व्यवस्था वेगर आर्थिक सहायता दिने कार्यमा नियन्त्रण गरिनु पर्दछ । | |
| ७.२ | | | पालिकाबाट अन्य निकाय वा व्यक्तिलाई दिएको अनुदान सो पालिकाको विनियोजन ऐनमा व्यवस्था गरेर मात्र अनुदान वितरण गरिनु पर्दछ । कार्यालयले यस वर्ष नेपाल रेडक्रस सोसाईटी दाङलाई रु ३०००००। कोईलावास खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु ७०००००। तथा देउखुरी बहुमुखी क्याम्पसको भौतिक सुधार व्यवस्थापनको लागि रु ३०००००। समेत रु. १३,००,०००। अनुदान दिएकोमा कार्यपालिकाको बिभिन्न मितिको निर्णय अनुसार अनुदान दिएको छ । विनियोजन ऐनमा व्यवस्था गरेर मात्र अनुदान दिईनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>कानून निर्माण एवं कार्यान्वयन सम्बन्धमा कार्यालयको नियन्त्रण व्यवस्था निम्नानुसार रहेको छ। | |
| ८.१ | | | **कानून निर्माण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म ६ ऐन, ४ नियमावली, १८ कार्यविधि ४ अन्य कानुन लगायतका ३२ कानुनहरू निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ । प्रकाशित कानूनहरुको कार्यान्वयन हुनुपर्दछ । | |
| ८.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गत बर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार ४० मुद्दा निरुपण हुन बाँकी रहेकोमा विवाद निरुपण सम्बन्धमा विवरण माग गर्दा गतवर्ष ३३ मुद्दा फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको र यो बर्ष थप भएको ८१ गरी कुल ११४ विवाद दर्ता भएकोमा ७६ वटा फछ्र्यौट भई ३८ विवाद फर्छयौट हुन बाँकी रहेको बिबरण प्राप्त भएको छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फर्छयौट गर्न कारवाही गरी टुङ्गो लगाईनु पर्दछ । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी स्थानीय निकायको संगठन संरचना तयार गर्नुपर्ने उल्लेख छ। साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।४।६ को संगठन संरचना र दरबन्दी स्वीकृत सम्बन्धी परिपत्र अनुसार स्थानीय तहको कार्य प्रकृति, सेवा प्रवाह एवम् विकास व्यवस्थापनको आवश्यकता, भौगोलिक स्थिती, सेवा पुर्‍याउनुपर्ने जनसंख्या समेतका आधारमा मन्त्रालयले निर्धारण गरेको अन्तरिम संगठन संरचना एवं दरबन्दीमा आवश्यक सेवा समुह, श्रेणी र पदमा दरबन्दी थपघट गर्नुपर्ने भएमा सोको पुष्टाई सहित दरबन्दी प्रस्ताव र प्रस्तावित पदको कार्यविवरण र संगठन चार्ट तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने र सोही अनुसार स्थायी संगठन संरचना र दरबन्दी निर्धारण गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको परिपत्र अनुसार कार्यालयले आवश्यक सेवा समुह, श्रेणी र पद संख्या निर्धारण गरी मन्त्रालयमा पठाएको देखिएन। कार्यालयले आवश्यक दरबन्दी निर्धारण गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनुपर्नेमा सो नगरी यो बर्ष परामर्शदाता समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लीबाट रु.४,९७,२००। मा संगठन विकास अध्ययन सर्वेक्षण गराई कार्यालयले साविकको कर्मचारी संख्या १८५ मा ३३ दरबन्दी थप गरी २१८ दरबन्दी कायम गरेको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी आवश्यकताको आधारमा मात्र कर्मचारीको संगठन संरचना गर्नुपर्दछ। | |
| ९.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ख (२) अनुसार स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष पालिका तर्फका ३६ कर्मचारीको बार्षिक तलब रु.१,९९,००,०८०। र स्वास्थ्य तर्फ रु.१,५६,०९,६५९। समेत रु.३,५५,०९,७३९।तलबी प्रतिवेदन पारित नगरी | |

तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गर्नुपर्ने सम्बन्धमा गत विगतमा समेत औल्याउदै आएकोमा यसमा सुधार भएको छैन। यसबाट कार्यालयले खर्च लेखेको ग्रेड रकमको सम्बन्धमा एकिन हुन सकिएन। आन्तरिक लेखापरीक्षण शाखा गठन गरी पारित तलबी प्रतिवेदन अनुसार ग्रेड रकम भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

९.३ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यालयले कर्मचारी सेवा सुविधा सम्बन्धमा कार्यपालिकाको निर्णयबाट खर्च लेख्ने गरेतापनि सेवा सुविधा सम्बन्धमा ऐन नियम निर्माण गरेको छैन। स्थानिय तहबाट प्रदान गरिने सेवा सुविधाहरु कानुन निर्माण गरी सोही बमोजिम खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

९.४ योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्म | रु ५लाख देखि १० लाख सम्म | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ९८ | ११५ | ६५ | ३५ | १४ | ३२७ |

उपरोक्त विवरण अनुसार कार्यालयले यस बर्ष ३२७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१० **कोभिड परिक्षण**

१०.१ **कार्य योजना** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १०.२ | | | पालिकाले कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि गत वर्षको मौज्दात रु११६९९३० रहेकोमा यस बर्ष कार्यक्रम कटौती तथा विभिन्न व्यक्ति तथा संस्थाबाट अनुदान प्राप्त गरी प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको रु ९०३००७०। समेत रु १०२०००००। आम्दानी जनाई रु ७४५१२६७। खर्च गरी रु २७४८७३३। मौज्दात रहेको छ । यसरी गरिएको खर्च मध्ये आईसोलेशन खर्च रु ९१२९५८। उपकरण औषधि पिपिई सेट लगायतमा रु ४९३९०००। खर्च लेख्दा आ व २०७६।७७ भुक्तानी दिन बाँकीको विवरण राखेको छैन । गत वर्ष र २०७७।७८ मा भएको खर्च छुट्टयाई खर्च गर्नु पर्नेमा नछुट्टयाई खर्च लेखेको छ । जोखिम आँकलन तथा पूर्वतयारी कार्ययोजनाको आधारमा बजेट बिनियोजन गर्नु पर्नेमा सो अनुरुप विनियोजन भएको छैन । त्यस्तै गाउँपालिकाले खर्च गर्दा खर्चको मापदण्ड तयार गरी मापदण्डको आधारमा खर्च गर्नुपर्नेमा सो अनुरुप खर्च गरेको छैन । | |
| १०.३ | | | कोभिड नियन्त्रण तथा रोकथामको लागि कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार तयार गर्ने र तीन तहका सरकारका निकायहरुको निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वयन गर्न समन्वय गर्नु पर्नेमा हेल्थ प्रोटोकल तयार गरेको र अन्तर सरकार विच समवन्य भएको देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| १०.४ | | | **जोखिम भत्ता** - नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ)माकन्ट्र्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी,क्वारेनटिनमा खटिएका जनशक्तिलाई ५० देखी १०० प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ।कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीलाई रु.१५३२७१२।– र प्रशासनिक कर्मचारीहरुलाई रु. ४६२२१।– समेत रु. १५७८९३३।- जोखिम भत्ता खर्च लेखेको छ । | |
| १०.५ | | | प्रकोप व्यवस्थापन तथा नियन्त्रणको लागि खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गर्ने , खरिद कानून बमोजिम खरिद गर्ने खरिद भएका औषधि, कीट तथा उपकरणको गुणस्तर र स्पेशीफिकेशन बमोजिम रहेको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ। नमुना छनौट गरी परिक्षण गर्दा कार्यालयले यसवर्षको खरिद समेत रु ६८७२५१२। को औषधि उपकरण किट खरिद गरेकोमा सप्लायर्ससंग सिधै खरिद गरेको, खरिद गर्दा स्पेशिफिकेशन नतोकेको र खरिद भएका सामान कुन कुन स्थानमा के कति परिमाणमा प्रयोग भए सो को अभिलेख तथा नियन्त्रण प्रणाली अवलम्वन गरेको देखिएन । | |
| १०.६ | | | प्राप्त विवरण अनुसार कार्यलयमा हालसम्म २ डोजको भेरोसेल १००० भाईल ५ डोजको भेरोसेल ३६०० भाईल १० डोजको कोभिसिल्ड २०० भाईल १ डोजको भेरोसेल ४४० भाईलसमेत ५२४० भाईल प्राप्त गरी २२४४० डोज खोप प्राप्त भएको र १६२१ जनालाई खोप लगाईएको विवरण उपलव्ध गराएकोले प्राप्त खोप र लगाईएको संख्या विच फरक परेको छ। सो सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयबाट खोप प्राप्त भई खोप लगाएको र बाँकी खोप कार्यक्रम समाप्त भए पश्चात जिल्लामा नै फिर्ता गरेको कार्यालयको भनाई रहेको छ । कार्यालयले तथ्याङ्क व्यवस्थित गर्नुपर्दछ । | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | | | **सेवा प्रवाह विवरण** | |
| ११.१ | | | सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को नियम ३८ अनुसार सरकारी सेवा र सुविधालाई प्रभावकारी बनाई प्रशासन तन्त्रलाई सेवाप्रदायकको रुपमा रुपान्तरण गर्न तथा प्रचलित कानून बमोजम अधिकार प्राप्त अधिकारीले सम्पादन गर्नुपर्ने काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय ढङ्गबाट सम्पादन भए वा नभएको कुराको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सम्पादित कार्यहरु तालुक निकायबाट अनुगमन गरी निर्देशन दिने र सो निर्देशन सम्बन्धित कार्यालयहरुले पनि कार्यान्वयन गर्नुपर्दछ । कार्यालयमा तालुक निकायबाट अनुगमन हुने भएतापनि सो अनुगमनबाट देखिएका विषयहरुमा लिखित निर्देशन दिने र सो अनुसार कार्य गर्ने गरेको देखिएन। ऐनको व्यवस्था अनुरुप सम्पादन भएको कार्यहरुको समय समयमा अनुगमन हुनुपर्दछ। | |
| ११.२ | | | सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष २५५४ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १२.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति, कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार गरी कार्यान्वयनमा ल्या आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ;<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको<br>• पालिकाले ठेक्काबाट हुने कार्यहरुको कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन। | |

- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।
- प्रदेश आर्थिक कार्यविधी ऐन २०७४ को दफा ४९ ५ बमोजिम जिन्सी निरिक्षण गर्ने र प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्नेमा जिन्सी निरिक्षण भएको छैन।
- कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा समयमानै दाखिला गर्नुपर्नेमा ढिला गरी दाखिला गरेको छ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको छैन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन।
- आर्थिक विवरण –आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७८ चैत्र) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो ।
- कर भुक्तानीको इ-टिडिएस गर्नुपर्नेमा गरेको छैन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा राखेको छैन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, 206५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन।
- कार्यविवरण – कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।
- अभिलेख – कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।
- कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।
- निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।
- दैनिक कार्य सम्पादन विवरण म.ले.प फाराम नं.९०७ तयार नगरेको।

अत: आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १२.२ | | | सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सूुचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;<br>• म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरेको छैन।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।<br>सफ्टवेयर प्राविधिक विषय भएकोले सोसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १२.३ | | | **मर्मत अभिलेख**- लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी साधन मर्मतमा रु १५,४०,९५१ र मेसिनरी औजार मर्मत सम्भारमा रु.५,९३,४४५ समेत रु.२१,३४,३९६ र कन्टेन्जेन्सीबाट समेत मर्मत खर्च गरेकोमा कतिपय मर्मत कार्य स्वीकृत मर्मत आदेश बेगर खर्च गरेको छ। कार्यालयले सवारी साधन सञ्चालन लगबुक म. ले. प. फाराम ९०५ र सवारी मर्मतको अभिलेख म.ले.प.फा.नं. ९०६ अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १२.४ | | | भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष अनुगमन मुल्याङ्कन तथा भ्रमण शिर्षकमा रु.१५,९८,०७५।– तथा संघिय तथा प्रदेश हस्तान्तरित कार्यक्रमबाट सञ्चालित विभिन्न कार्यक्रम र पालिकाका विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सी रकमबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । नियमावलीको नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता म. ले. प. फाराम ९०८ राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन म. ले. प. फाराम ९०९ प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ। | |
| १२.५ | | | कार्यालयले धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरी धरौटीको लगत राख्नुपर्दछ। कार्यालयले धरौटीको व्यक्तिगत धरौटी खाता राखेको छैन। व्यक्तिगत धरौटी खाता कायम गरी धरौटी हिसाबलाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १३ | | | **शिक्षा कार्यक्रम** | |
| १३.१ | | | कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी निकासा रजिष्टर अद्यावधिक गर्नुपर्दछ। | |
| १३.२ | | | गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम कार्य भए नभएको अनुगमन गर्ने, सोको प्रतिवेदन तयार गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने गरेको छैन। सार्वजनिक विद्यालयहरुको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। | |
| १३.३ | | | स्थानीय तहले निजी विद्यालय व्यवस्थापनको लागि अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयहरुको अनुगमन गर्ने तथा निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्ने गरेको छैन। तोके बमोजिम निर्देशिका तयार गरी निजी विद्यालयको शुल्क निर्धारण गर्ने र सो अनुसार भए नभएको अनुगमन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १३.४ | | | मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीका २०७७/७८ बमोजिम स्थानीय तहले समयमा नै नि:शुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको रकम निकासा गरी समयमानै अनुदान रकम वितरण गर्नुपर्दछ। कार्यालयले ढिलो गरी पाठ्यपुस्तक र छात्रवृत्ति रकम निकासा गरेकोले सम्बन्धित विद्यालयहरुले समयमा नै रकम वितरण गरेका छैनन् । तोकिएको समयमा रकम माग गरी सोही बमोजिम चेकजाँच गरी रकम निकासा गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १३.५ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले अनुगमन मापदण्ड निर्धारण गरी मातहतका विद्यालयहरुको अनुगमन गर्नुपर्दछ। सोको लागि कार्यालयले अनुगमन मापदण्ड तय गरेको छैन। अनुगमन मापदण्ड तय गरी सोको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। | |
| १४ | | | **पेश्की व्यवस्थापन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम कर्मचारी, संस्था तथा निर्माण व्यवसायिलाई दिएको पेश्की समयमा नै फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले विभिन्न कार्यको लागि कर्मचारी तथा संस्थाहरुको लागि दिएको अधिकाशं पेश्की नियमावलीको व्यवस्था बमोजिम समयमा नै फछ्र्यौट गर्नुपर्नेमा गरेको छैन। ढिलो फछ्र्यौट गरिएका पेश्की फछ्र्यौट गर्न कार्यालयले तोकिए बमोजिम ताकेता गरेको देखिएन। नियमावलीको व्यवस्था अनुरुप तोकिएको समयमा पेश्की नगरेका कर्मचारी वा अन्य व्यक्तिको फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमूख समक्ष पेश गरी समयमानै पेश्की फछ्र्यौट गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १५ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| १५.१ | | | कार्यालयले गाउँपालिकाको क्षेत्र भित्रका सबै राजश्व श्रोतहरुको उचित लेखाङ्कन गरी सो अनुसार राजश्वको अनुमान गर्नुपर्दछ। कार्यालयले पालिका भित्रका भवन टहरा जग्गा पोखरी रोयल्टी विज्ञापन लगायतको विवरण अद्यावधिक गरेको छैन । यसमा सुधार गर्नुपर्दछ। | |
| १५.२ | | | कार्यालयले घरभाडा, व्यावसायिक कर लगायतका राजश्व शिर्षकहरुको लगत अद्यावधिक गरेको छैन। लगत अद्यावधिक गरी उठ्न बाँकी राजश्वको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १५.३ | | | कार्यालयले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत राजश्व आम्दानीको शिर्षकगत खाता म.ले.प.फा.नं. १०४, राजस्वको आर्थिक विवरण र सोको फाँटवारी म.ले.प.फा.नं.११०, करदाताको लगत म.ले.प.फा.नं. १११ जस्ता स्वीकृत म.ले.प.फा नं.हरु प्रयोगमा ल्याएको छैन। सुचना प्रविधिमा आधारित राजश्व अभिलेखलाई व्यवस्थित गर्दै स्वीकृत फारामहरु प्रयोगमा ल्याइ राजश्व अभिलेखलाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| १६ | | | **परामर्श सेवा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवा कार्यको लागत अनुमान तयार गरी नियम ७० बमोजिम २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउन सकिने व्यवस्था छ। कार्यालयले खरिद गरेको परामर्श सेवा सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ; | |
| १६.१ | | | कार्यालयले परामर्श सेवा खरिद गर्दा ३ देखि ६ परामर्शदाताबाट प्रस्ताव माग गर्नुपर्ने उल्लेख भएकोमा ३ वटासंग मात्र दर माग गरी सेवा खरिद गरेको छ । कुनै विषयमा परामर्श सेवा खरिद गर्दा कार्यान्वयनमा लैजाने तथा बजेटको सुनिश्चितता भएको विषय मात्र छनौट गराउनुपर्नेमा सो समेत भएको देखिएन । | |
| १६.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७६ बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका सदस्यहरुले छुट्टाछुट्टै रुपमा नियम ७१ को उपनियम ६ बमोजिम मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्ने उल्लेख छ । कार्यालयले परामर्शदाताहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन श्रेस्तासाथ संलग्न गरेको छैन। प्राविधिक प्रस्ताव मूल्याङ्कनको फाइल लेखापरीक्षणको क्रममा पटक पटक माग भएकोमा उपलब्ध नभएकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन। | |
| १६.३ | | | पूर्वनिर्धारित क्षतिपूर्ति – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा सम्झौताको शर्त बमोजिम सम्झौता अवधि भित्र कार्य सम्पन्न नगरेमा परामर्शदाताले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढने गरी प्रति दिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत हर्जना | १९६,७६५ |

व्यहोनुपर्ने उत्लेख छ। कार्यालयले निम्न कार्यको परामर्श सेवा खरिद बापत निम्न परामर्शदाताहरुलाइ रु.६८,१९,४००। भुक्तानी गरेकोमा सम्झौता भन्दा ढिला कार्यसम्पन्न गरेकोमा सम्झौताको शर्त बमोजिम हर्जना कट्टा गरेको नदेखिएकोले सम्झौता बमोजिम रु.१९६७६५। हर्जना असूल हुनुपर्ने रु.

| गो.भौ.नं. मिति | परामर्श दाताको नाम | कार्य विवरण | सम्झौता रकम | सम्झौता मिति | अन्तिम विल भुक्तानी रकम | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न मिति | ढिला दिन | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४३१-२०७८।३।२० | प्लाटफर्म इञ्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली | गाउँपालिकाको आवधिक योजना निर्माण | १७०००००० | २०७७।१०।२५ | १७०००००० | २०७८।१।२५ | २०७८।३।७ | ४५ | ३८२५० |
| ३००-२०७८।१।६ | जे.वि इञ्जिनियरिङ प्रा.ली | १५ शैयाको अस्पतालको डि.पि.आर निर्माण | ११९९७२१ | २०७७।९।१४ | २३९९४४ | २०७७।१२।१३ | २०७८।१।५ | २३ | २७५९ |
| ३४६-२०७८।३।८ | ठेगाना सर्भिसेज प्रा.ली | राप्ती नदी र मानपुर कक्रहवा नदी IEE | १९६२७३६ | २०७७।७।२ | १९६२७०० | २०७७।१०।१ | २०७८।१।२ | ६१ | ५९८६२ |
| ३७९-२०७८।३।७ | पिस रिसर्च एड डेभलपमेन्ट कन्सल्टेन्सी प्रा.ली | गाउँपालिका भित्रको वातावरणीय परिक्षण | १९७५००० | २०७७।५।२१ | १९५७००० | २०७७।११।२० | २०७८।२।२७ | ९८ | ९५८९३ |
| | | जम्मा | | | | | | | १९६७६५ |

१६.४ कार्यालयले परामर्शदातासंग गरेको सम्झौता बमोजिम सम्झौता भएको मितिले ३० दिन भित्र प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्ने र प्रारम्भिक प्रतिवेदन पेश गरेको ६० दिन भित्र मस्यौदा प्रतिवेदन पेश गर्नुपर्ने तथा मस्यौदा प्रतिवेदन छलफलको लागि परामर्शदाताले पालिकामा प्रस्तुतिकरण गर्नुपर्ने र प्रारम्भिक प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने भएमा पालिकाको सुझाव सहित ९० दिनमा अन्तिम प्रतिवेदन तयार गरी सफ्टकपि सहित ३ प्रति पालिकामा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले परामर्शदाताबाट मस्यौदा प्रतिवेदन प्राप्त गरी सोको छलफल र प्रस्तुतिकरण गरेको माइन्युट श्रेस्ता साथ संलग्न छैन। यसबाट कार्यालयको सुझाव समेटिने गरी अन्तिम प्रतिवेदन जारी भएको छ भनी आश्वस्त हुन सकिएन।

१७ **उपभोक्ता समिति मार्फत खरिद** ८१२,५५०

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको तथा उपभोक्ता समिति मार्फत खरिद गर्ने कानुनी व्यवस्था नरहेकोमा निम्नानुसारका कार्य उपभोक्ता समितवाट गराएको नियम सम्मत नदेखिएको रु

| भौ नं मिति | खरिद समाग्रीको विवरण | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १०३-०७७।४।१४ | खेलकूद सामग्री खरिद वडा नं ५ | खेलकूद सामग्री खरिद उपभोक्ता समित | २००००० | टुक्रे प्यान विलको आधारमा खरिद |
| १०७-०७७।७।१५ | देउखुरी सर्प दंश उपचार केन्द्र भवन उदघाटन समाग्री | सर्प दंश उपचार केन्द्र भवन उदघाटन उपभोक्ता समिति | ६२५५० | |
| ११९-०७७।७।१८ | वडा कप खेलकूद सामग्री | वडा कप खेलकूद तथा ड्रेस खरिद कार्यक्रम उ स | १००००० | |
| १४२-०७७।९।६ | वडा नं ७ को खेलकूद समाग्री | खेलकूद तथा खेलका लागि खेलकूद सामाग्री खरिद उस | १००००० | वडा कप खेलकूद सामग्री |
| १८३-०७७।९।२९ | ह्यूम पाईप खरिद वडा नं ४ | ह्यूमपाईप खरिद आवश्यकताको आधारमा उस | ३५०००० | खरिद भएका पाईप कुन कुन ठाउँमा जडान भयो नापी जडान पेश हुनुपर्ने |
| जम्मा | | | ८१२५५० | |

| | | |
|---|---|---|
| १८ | **उपभोक्ता मार्फत खरिद गरी विद्युतिकरण**<br>सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्तासंग कार्य गराउन सकिने व्यवस्था छ ।कार्यालयले ऐनको प्रावधान विपरित जटिल तथा प्राविधिक पक्ष समावेश भएको ग्रामीण विद्युतिकरण जस्तो कार्यको योजनामा खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गराई भुक्तानी दिएको छ । लागत अनुमान तयार गर्दा नापी गर्दा र कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा स्थान समेत नखुलाएको कुन कुन स्थानमा विद्युतिकरण कार्य भए यकिन गर्न नसकिनुका साथै जटिल तथा प्राविधिक पक्ष रहेको कार्यमा आवश्यक पर्ने सामग्री उपभोक्ता स्वयंले खरिद गरी जडान गरेको देखाई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | ४,३८२,३८५ |

| भौ नं मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | लागत अनुमान | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २३-०७७।५।१ | बिद्युत विस्तार वाडा नं ६ | बिद्युत विस्तार विभिन्न टोल उस | ४१५७७७ | ४१५७७७ | ३५०००० |
| २६-०७७।५।२ | वडा नं ४ मन बिभिन्न स्थानमा स्टे लाईट | बिद्युत पोलमा बत्ति जडान उस | २८७५०० | २८७५०० | २५०००० |
| ४६-०७७।५।११ | चन्दनपुर विद्युत विस्तार वडा नं ७ | चन्दनपुर विद्युत विस्तार उस | १२०४३० | १२०४३० | १००००० |
| ५९-०७७।५।३१ | वडा नं २ विद्युत विस्तार | विद्युत विस्तार उस | ५९६०४८ | ५९२९२३ | ५१०००० |
| ६१-०७७।५।३१ | वडा नं ४ विद्युत विस्तार | विद्युत विस्तार उस | ४६७५१७ | ४६७५१७ | ४००००० |
| ७१-०७७।६।५ | मुसिनाकामा विद्युत विस्तार वडा नं ८ | मुसिनाका विद्युत विस्तार उस | १७४२६४ | १७४२६४ | १५०००० |
| ७२-०७७।६।५ | डाँडागाउँ विद्युत विस्तार वडा नं ८ | डाँडागाउँ विद्युत विस्तार उस | १७२६०९ | १७२६०९ | १५०००० |
| ९०-०७७।६।२१ | वडा नं ५ विद्युत विस्तार | विद्युत विस्तार उस | ३५०४६० | ३५०४६० | ३००००० |
| १५२-०७७।९।२२ | वडा नं ७ विद्युत विस्तार | विद्युत विस्तार उस | ४७०२५२ | ४७९२५२ | ४००००० |
| १५३-०७७।९।२२ | वडा नं ३ विद्युत विस्तार | विद्युत विस्तार वडा नं ३ भित्र उस | २३०९५४ | २२२१६१ | १९२३८५ |
| २५७-०७७।१२।३ | वडा नं ८ विद्युत विस्तार | खवरी नाका विद्युत विस्तार उस | १२३७२७२ | १२३७२७२ | १०८०००० |
| ४५७-०७८।३।२७ | वडा नं ६ बिद्युत हाईटेन्सन लाईन व्यवस्थापन | गढवा बिद्युत हाईटेन्सन लाईन व्यवस्थापन उस | ५७९३१३ | ५७९३१३ | ५००००० |
| जम्मा भुक्तानी | | | | | ४३८२३८५ |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **उपभोक्ता समिति मार्फत सडक कालोपत्रे**<br>सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्टिव्युटर विटुमिन व्वाईलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाईने व्यवस्था छ । साथै उपभोक्ता सतमतिले पाएको काम आफैले सम्पन्न गनपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टमा गराउन नसकिने व्यवस्था रहेको छ ।निम्नानुसारको सडक कालोपत्रे कार्यको लागत अनुमान तयार गर्दा एयर कम्प्रेशर ग्रेडर विटुमिन डिष्टिव्युटर विटुमिन व्वाईलर लगायतको लागत अनुमान तयार गरेको काम उपभोक्ता समितिसंग गराई भुक्तानी दिएको ऐन सम्मत नदेखिएको रु. | १,९५३,०३० |


https://nams.oag.gov.np

| भौ नं मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | लागत अनुमान | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १३८-०७७।९।६ | गोवरडिहा स्वास्थ्य चौकी जाने वाटो | गोवरडिहा स्वास्थ्य चौकी जाने वाटो कालोपत्रे उस | ११७३७४० | ११२६७७२ | १०००००० |
| ४७३-०७८।३।२८ | गढवा बजार सोल्जर ४०० मिटर कालोपत्रे | गढवा बजार सोल्जर ४०० मिटर कालोपत्रे उस | १३८६३५८ | १३८६३५८ | ९५३०३० |
| जम्मा | | | | | १९५३०३० |

२० | ४६४ | २०७८-३-२७ | **स्यालो ट्युववेल** | ९७०,५५०

सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्तासंग कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै उपभोक्ता समिति मार्फत खरिद गर्ने कानूनी व्यवस्था नरहेकोमा कार्यालयले ऐनको प्रावधान विपरित पावर ड्रिल स्यालो ट्युवेल सिंचाईको व्यवस्था नभएको ठाउँमा आवश्यकता हेरी निर्माण गर्ने गरी भनी पावर ड्रिल स्यालो ट्युवेल निर्माण सिंचाईको व्यवस्था नभएको ठाउँमा आवश्यकता हेरी उपभोक्ता समिति गठन गरी आवश्यकता पहिचान वेगर बजेट विनियोजन गरी १८ ठाउँमा जडान भएको कार्य सम्पन्न बनाएकोमा लागत अनुमान तयार गर्दा नापी गर्दा र कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत स्थान समेत नखुलाएकोले कुन कुन स्थानमा पावर ड्रिल जडान भए यकिन गर्न नसकिनुका साथै बढी सामग्री खरिद भएको कार्य समेत उपभोक्ता स्वयंले खरिद गरी जडान गरेको देखाई भौ नं ४६४-२०७८।३।२७ बाट रु ९७०५४०। भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु

२१ | | | **योजना टुक्र्याई कार्यान्वयन** | २,०००,०००

गाउँपालिकाको मिति २०७६।३।९,३।१७ र ।३।२६ बसेको पाँचौं गाउँसभाले रु १० लाख भन्दा बढीका योजना प्रतिस्पर्धात्मक तवरले निर्माण व्यवसायी मार्फत गराउने निर्णय गरेकोका एउटै वडाको एकै ठाउँमा रहेको योजना पाँचौ सभाको निर्णय विपरित २ योजना बनाई रु १०/१० बजेट विनियोजन गरी उपभोक्ता समित मार्फत कार्यान्वयन गरेको सभाको निर्णय विपरित देखिएको रु

| भौ नं मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | लागत अनुमान | विनियोजन | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३६७-०७८।३।१६ | मिलनचोक देखि निम चौतारी सम्म पिसिसि वडा नं ८ | मिलनचोक देखि निम चौतारी सम्म पिसिसि नि उ स | ११५२००० | १०००००० | १०००००० |
| ४०६-०७८।३।२२ | निमचौतारी देखि माथिल्लो हुलाकी सडक सम्म पिसिसि वडा नं ८ | निमचौतारी देखि माथिल्लो हुलाकी सडक सम्म पिसिसि निउस | ११५२०२० | १०००००० | १०००००० |
| जम्मा | | | २३०४०२० | २०००००० | २०००००० |

२२ | | | **सामाजिक सुरक्षा कार्यक्रम** |

२२.१ | | | **तथ्यांक अध्यावधिक** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र

| | | | | |
|---|---|---|---|---|
| | | | पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ। | |
| २२.२ | | | **सार्वजनिक सुनुवाई** - गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ। | |
| २२.३ | | | भत्ता वितरण - सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको लगत अद्यावधिक गर्ने कार्य बर्ष भरीनै हुने व्यवस्था छ ।कार्यालयले बास्तविक लाभग्राहीको लगत अद्यावधिक गरी बैंकहरुलाई पेश्की निकासा गर्नुपर्दछ।सामाजिक सुरक्षा संचालन कार्यविधि अनुसार कार्यालयले बैंकलाई फरवार्ड फिड तयार गरी सो आधारमा निकासा दिने र बैंकले वितरण पश्चात कार्यालयलाई रिभर्स फिड दिई निकासा, वितरण र मौज्दात रकम यकिन गर्ने र बाँकी रकम कोलेनिका फिर्ता गर्नुपर्नेमा कार्यालयले बैंकबाट रिभर्स फिड प्राप्त नगरी बैंकको पत्रको आधारमा मौज्दात रकम फिर्ता गरेको छ। यसबाट बैङ्कलाई उपलव्ध गराएको तथ्याङ्क अनुसार रकम वितरण भई लगत कट्टा भएको विवरण अनुसार बाँकी रकम फिर्ता भएको छ भनी आश्वस्त हुन सकिएन। रिभर्स फिड प्राप्त गरी बाँकी रकम फरफारक गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। कार्यालयले तयार गरेको तथ्याङ्क र बैङलाइ दिएको निकासा विवरण निम्नानुसार छ। | |

| बिवरण | बैंकलाई निकासा दिएको | | बैङ्कले वितरण गरको रकम | |
|---|---|---|---|---|
| | संख्या | निकासा रकम | वितरण गरेको रकम | वितरण नभएको रकम |
| पहिलो चौमासिक | २८६१ | २८२५२२०० | २८०५२२०० | २००००० |
| दास्रो चौमासिक | २९३३ | २८५७५२१० | २६१०५८६० | २४६९३५० |
| तेस्रो चौमासिक | ३०५८ | २९६८११८५ | २८२१२३८५ | १४६८८०० |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **प्रकोप व्यवस्थापन कोष** | |
| २३.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) बमोजिम कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ।त्यस्तै उक्त नियमको उपनियम १३ बमोजिम उपनियम १५ मा उल्लेख भएका खर्च शिर्षकमा चालु बर्षको बजेटले नखामेको उचित कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भर्पाइ बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखा परिक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकि विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिन भित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। कार्यालयले यस बर्ष | १६२,८०८ |

| | | | | |
|---|---|---|---|---|
| | | | नियम ३९(१५) भन्दा फरक खालका खर्चहरु भुक्तानी दिन बाँकीको विवरण समेत संलग्न गरी रु.१,६२,८०८।- भुक्तानी गरेको छ। कार्यालयको प्रकोप व्यवस्थापन कोषमा भुक्तानी दिन पुग्ने सञ्चित रकम भएको अवस्थामा सोहि आर्थिक बर्षमा दायित्व भुक्तानी नगरी भुक्तानी दिन बाँकीको विवरण समेत संलग्न नगरी भुक्तानी खर्च लेखेको नियम सम्मत नदेखिएको रु. | |
| २३.२ | | | कार्यालयले यस बर्ष क्वारेन्टाइन व्यवस्थापन बापत रु.७,५०,१५०। खर्च लेखेकोमा क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको अद्यावधिक विवरण तयार गरेको छैन। यसबाट जम्मा क्वारेन्टाइन अवधिमा कति व्यक्ति कति समय बसे भन्ने तथ्याङ्क लेखापरीक्षण समक्ष पेश भएन। यसबाट क्वारेन्टाइन व्यवस्थापनमा भएको खर्च सम्बन्धमा एकिन गर्न सकिएन। | |
| २४ | | | **सहकारी अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्नेमा सो विपरित नाफा कमाउने उद्देश्यले स्थापित छुट्टै अस्तित्वमा रहेको धानखोला कृषि सहकारी संस्थालाई भवन निर्माण बापत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत रु. ९,९३,०००।- र हिमाल बचत तथा ऋण सहकारी संस्थालाई भवन निर्माण बापत रु.१,५०,०००। समेत रु.११,४३,०००। अनुदान दिएको छ। सिमित वर्गलाई फाइदा पुग्ने र सम्पत्ती बेचविखनमा आफ्नै स्वामित्व भएको संस्थालाई सरकारी रकम अनुदान दिएको उचित नदेखिएको रु. | १,१४३,००० |
| २५ | | | **शिक्षा कार्यक्रम** | |
| २५.१ | | | दिवा खाजा :- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी दैनिक रू.१५। का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर अनुदान दिने र दिवा खाजा उपलब्ध गराएका विद्यालयहरुले विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या एकिन गरी प्रथम चौमासिकमा निकासा भएको रकमको सदुपयोग भएको सुनिश्चतता गरेर मात्र थप अनुदान दिने उल्लेख छ । यस वर्ष पालिकाले विद्यालयहरुलाई दिवा खाजामा रकम निकासा पठाएको मध्ये नमुना छनौट गरी १० विद्यालयहरुको परिक्षण गर्दा निम्न विद्यालयहरुमा बढी निकासा भएको रकम असुल हुनुपर्नाको साथै अन्य विद्यालयहरुको हकमा कार्यालय स्वयमले यकिन गरी बढी निकासा संघिय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु. | ५२३,८७४ |

| क्र.स | विद्यालयको नाम | जम्मा निकासा | भर्पाइ रकम | फरक रकम |
|---|---|---|---|---|
| १ | दुर्गा आधारभूत विद्यालय मनिकापर | २२४०१५ | २१६०२५ | ७९९० |
| २ | ज्ञानज्योति प्रा.वि.मानपुर | १३८५२५ | १२०३३० | १८१९५ |
| ३ | सरस्वती आ.वि.चन्दनपुर | १४६२३५ | ११४९३० | ३१३०५ |
| ४ | सर्वोदय प्रा.वि.गढवा | ५२२४५ | ४३०८० | ९१६५ |
| ५ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | ३८६४७५ | २८५८४० | १००६३५ |
| ६ | मा.वि.चैनपुर | २७८४४५ | २०२४४५ | ७६००० |
| ७ | आदर्श रात्री आधारभूत विद्यालय गोबरडिहा | ३१७४७५ | २४४८१५ | ७२६६० |
| ८ | आदर्श प्रा.वि.बडहरा | २७२९१९ | २६८५३० | ४३८९ |
| ९ | मा.वि.पचहिया | ३२३६२५ | २९४४३० | २९१९५ |
| १० | जनता मा.वि.कालाकाटे | ५८५८८५ | ४११५४५ | १७४३४० |
| | जम्मा | | | ५२३८७४ |

२५.२

**बढी निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। नमुना छनौट गरी ७ विद्यालयको चौमासिक निकासा माग फाराम भिडान गर्दा कार्यालयले निम्न गोश्वारा भौचर नम्बरबाट निम्न विद्यालयलाई निम्नानुसारको रकम रु.३७२०९०।- बढि भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल हुनुपर्नाको साथै बाँकि विद्यालयको हकमा कार्यालयबाट एकिन गरी असुल हुनुपर्ने रु.

३७२,०९०

| गो.भौ.नं. | विद्यालयको नाम | माग फाराम रकम | निकासा रकम | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| २५-२०७७।९।२३ | जनता उच्च मा.वि कालाकाटे | १८०१९६० | १९८१४८० | १७९५२० | दोश्रो चौमासिक |
| ९७-२०७८।२।३ | उच्च मा.वि देउखुरी | २०५४१६६ | २१६२१३६ | १०७९७० | तेश्रो चौमासिक |
| | सरस्वति मा.वि चन्दनपुर | १०३३३७६ | १११७९७६ | ८४६०० | |
| | जम्मा | | | ३७२०९० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५.३ | | | **पाठ्यपुस्तक रकम निकासा** - नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ। कार्यालयले २८ विद्यालयहरुको लागि पाठ्यपुस्तक निकासा गरेकोमा २७ विद्यालयहरुलाई रु.६०७९३९। बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु | ६०७,९३९ | |

| क.सं. | विद्यालयको नाम | निकासा रकम | पाउने खर्च रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | श्री मा.वि.पचहिया | ३५२१०० | ३०७३२० | ४४७८० |
| २ | श्री सरस्वती मा.वि.विद्यानगर | ५६१३९९ | ५४८३३० | १३०६९ |
| ३ | जनता मा.वि.कालाकाटे | ३९८२८२ | ३६३६१३ | ३४६६९ |
| ४ | जनता मा.वि.गढवा | ६२५९२१ | ५८०६७७ | ४५२४४ |
| ५ | मा.वि.चैनपुर | ३०६२७० | २५४७८५ | ५१४८५ |
| ६ | दिपेन्द्र मा.वि.पर्सेनी | २५८७३२ | | २५८७३२ |
| ७ | महेन्द आ.वि.कोइलाबास | ४७९१० | ४५४७९ | २४३१ |
| ८ | बालकल्याण आ.वि.बालाखुट्टी | २०२९७६ | १९७९२७ | ५०४९ |
| ९ | दुर्गा आ.वि.मनिकापुर | १२३१३० | ११३९६४ | ९१६६ |
| १० | सरस्वती आ.वि.चन्दनपुर | ९२५६५ | ६७६०४ | २४९६१ |
| ११ | आधारभूत विद्यालय बनघुस्री | २२४९३३ | २०९०८७ | १५८४६ |
| १२ | आधारभूत विद्यालय कक्रहवा | ६९७६४ | ५८९८८ | १०७७६ |
| १३ | जनमुखी आधारभूत विद्यालय रङसिङ | १३७८७० | १३६१७५ | १६९५ |
| १४ | आदर्श रात्री आधारभूत विद्यालय गोबरडिहा | १८६८४५ | १६५५५९ | २१२८६ |
| १५ | ज्ञानज्योति प्रा.वि.मानपुर | २८१३० | २२९८१ | ५१४९ |
| १६ | सर्वोदय प्रा.वि.गढवा | १३४८० | १२९६२ | ५१८ |
| १७ | कालिका प्रा.वि.पर्सेनी | २४८१४ | १८०७४ | ६७४० |
| १९ | आदर्श प्रा.वि.बडहरा | ३३५५० | ३०१०२ | ३४४८ |
| २० | गणेश प्रा.वि.चिमचिमे | ३२६९२ | २७६५२ | ५०४० |

| | | | | |
|---|---|---|---|---|
| २१ | नमूना प्रा.वि.महदेवा | ७५८१४ | ५४२०९ | २१६०५ |
| २२ | रत्न प्रा.वि.रतनपुर | १६१८२ | १३८५८ | २३२४ |
| २३ | रात्री प्रा.वि.पचहिया | ५९४०२ | ४६२८३ | १३११९ |
| २४ | बालबुद्धि प्रा.वि.खबरीखुटी | २४८१९ | २१३७६ | ३४४३ |
| २५ | सरस्वती प्रा.वि.सुपैला | ३४२९२ | ३१६३९ | २६५३ |
| २६ | दुर्गा प्रा.वि.खबरीनाका | १३३१८ | ९७२१ | ३५९७ |
| २७ | मदरसा जियाउल तौहिद रामपुर | १४९४३ | १३८२९ | १११४ |
| | जम्मा | ३९६०१३३ | ३३५२१९४ | ६०७९३९ |

| | | | | |
|---|---|---|---|---|
| २५.४ | | | **छात्रावृत्ती भुक्तानी :**– शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को बुँदा नं.४.२ बमोजिम गैर आवासिय छात्रवृत्ति को लागि IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई रु.४००। को दरले प्रति विद्यार्थी छात्रवृत्ति अनुदान निकासा दिने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न विद्यालयहरुले निम्न विद्यार्थि संख्यालाई छात्रावृत्ति वितरण गर्ने गरी अनुदान निकासा प्राप्त गरेकोमा निकासा भएको विद्यार्थी संख्या भन्दा कम संख्यालाई छात्रवृत्ति रकम वितरण गरेको छ। निकासा भन्दा कम वितरण भएको छात्रवृत्ति रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु. | १११,२०० |

| क्र.स | विद्यालयको नाम | emis अनुसार विद्यार्थी संख्या | वितरण संख्या | फरक संख्या | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती आ.वि.चन्दनपुर | ७१ | ६१ | १० | ४०० | ४००० |
| २ | ज्ञानज्योति प्रा.वि.मानपुर | २३ | १७ | ६ | ४०० | २४०० |
| ३ | बालकल्याण आ.वि.बालाखुटी | १६२ | १३७ | २५ | ४०० | १०००० |
| ४ | दिपेन्द्र होमजुन मा.वि.पूर्सेनी | १६८ | १५१ | १७ | ४०० | ६८०० |
| ५ | नमूना आ.वि.कक्रहवा | ५१ | ३२ | १९ | ४०० | ७६०० |
| ६ | नमूना प्रा.वि.महदेवा | ८३ | ७२ | ११ | ४०० | ४४०० |
| ७ | मा.वि.पचहिया | २१७ | १३४ | ८३ | ४०० | ३३२०० |
| ८ | सरस्वती मा.वि.विद्यानगर | २८३ | २४५ | ३८ | ४०० | १५२०० |
| ९ | रात्री प्रा.वि.पचहिया | ५६ | ४९ | ७ | ४०० | २८०० |
| १० | आ.वि.बनघुस्री | १९३ | १७१ | २२ | ४०० | ८८०० |
| ११ | जनता मा.वि.कालाकाटे | २१८ | २११ | ७ | ४०० | २८०० |
| १२ | दुर्गा प्रा.वि.खबरीनाका | ११ | ८ | ३ | ४०० | १२०० |
| १३ | कालिका प्रा.वि.पर्सेनी | २४ | १७ | ७ | ४०० | २८०० |
| १४ | मा.वि.पचहिया | ६२ | ४२ | २० | ४०० | ८००० |
| १५ | महेन्द्र आ.वि.कोइलाबास | २५ | २२ | ३ | ४०० | १२०० |
|  | जम्मा |  |  |  |  | १११२०० |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **वढि निकाशा** गणेश मा वि चिमचिमेमा कार्यरत विरेन्द्र प्रकाश वलिको तेश्रो चौमासिकमा जेष्ट महिनामा सरुवा भइ गएको अवस्थामा तलवभत्ता वापत आषाढ महिनामा समेत निकाशा भएको देखिएकोले १ महिनाको हुनेरु ३२६४६ फिर्ता गर्नुपर्ने देखिएको रु | ३२,६४६ |

| | | | | |
|---|---|---|---|---|
| २७ | 86 | २०७८-१-१५ | **न्यानो झोला खरिद** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ( ५ ) वमोजिम खर्च लेख्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ।मातृतथा नवजात शिशुकार्यक्रम अन्तरगत पालिकाले ४ वटा वर्थिङ्ग सेन्टरलाइ सुत्केरी आमा तथा वच्चाहरुलाइ वितरण गर्नका लागी ५०० सेट न्यानो झोलाखरिद गरेकोमा कुनकुन वर्थिङ्ग सेन्टरमा कति पठाएको हो हस्तान्तरण फाराम भरी पठाएको देखिएन। खरिद गरीएको प्रति न्यानो झोला मुअकर समेत रु ८९८प्रतिगोटाका दरले हुनेरु ४४९१७५। को वितरण गरेको भर्पाइ पेश हुनुपर्ने देखिएको रु | ४४९,१७५ |
| २८ | | | **कृषि पशु कार्यक्रम** | |
| २८.१ | 165 | २०७८-३-२५ | **खर्चको प्रमाण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ( ५) वमोजिम खर्च लेख्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न एग्रोभेट औषधि विषादि लगायत का सामग्रीहरु निम्नानुसारको खरिद गरी भुक्तानी गरेकोमा उक्तसामग्रीहरु कुन प्रयोजनमा कहांकहां प्रयोग भएकोहो खर्चलाइ पुष्टयाइ गर्ने प्रमाण कागजात पेशहुन नआएको रु | १,८४०,८५० |

| भौन ।मिती | पार्टिको नाम | भुक्तानी रकम |
|---|---|---|
| १६।२०७७।९।२१ | सिद्धार्थ एग्रोभेट सेन्टर | ४७०६६५ |
| २३।२०७७।११।४ | देउराली एग्रोभेट सेन्टर | १३०००० |
| ३४।२०७८।३।८ | सिद्धार्थ एग्रोभेट सेन्टर | ३३११८५ |
| ४२।२०७८।३।२२ | सि एण्ड पि एग्रोभेट सेन्टर | ४७०००० |
| ४५।२०७८।३।२५ | सि एण्ड पि एग्रोभेट सेन्टर | ४३९००० |
| | जम्मा | १८४०८५० |

| | | | | |
|---|---|---|---|---|
| २८.२ | | | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( १०) वमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ। पशु स्वास्थ्य सेवा कार्यक्रमवाट विभिन्न मितीमा तालिम तथा शिविर संचालन गर्दा निम्नानुसारको अनुगमन भत्ता समेत भुक्तानि लिएको देखिएकोले नियम विपरित अनुगमन भत्ता भुक्तानि लिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १८,७०० |

| भौन।मिती | तालिमकार्यक्रमको नाम | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|
| ५७।२०७८।३।३० | पशुस्वास्थ्य शिविर | सहजराम अहिर | ८५० |
| | | पुनाराम शर्मा | ८५० |
| | | सद्दाम सिद्धिकी | ८५० |
| ५१।२०७८।३।२७ | गाइभैसिपालन तालिम | सहजराम यादव | ८५० |
| | | शान्ती चौधरी | ८५० |
| | | लाल बहादुर योगी | ८५० |
| | | राधेश्याम कुमाल | ८५० |
| ५२।२०७८।३।२७ | कुखुरापालन तालिम | शान्ती चौधरी | ८५० |
| | | लाल बहादुर योगी | ८५० |
| | | खेम बहादुर चौहान | ८५० |
| ५३।२०७८।३।२७ | वाख्रापालन | सद्धाम सिद्धिकी | ८५० |
| | | लाल बहादुर योगी | ८५० |
| | | पुनाराम शर्मा | ८५० |
| | | अनन्तराज रेग्मी | ८५० |
| | | खेम बहादुर चौधरी | ८५० |
| ५४।२०७८।३।२४ | वंगुरपालन | हेमन्ती कुमाल | ८५० |
| | | शान्ती चौधरी | ८५० |
| | | लाल बहादुर योगी | ८५० |
| २०।२०७७।१०।२७ | पशुस्वास्थ्य शिविर अनुगमन | सहजराम अहिर | ८५० |


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td>लाल बहादुर योगी</td><td>८५०</td></tr>
<tr><td></td><td></td><td>पुनाराम शर्मा</td><td>८५०</td></tr>
<tr><td></td><td></td><td>भक्त चौधरी</td><td>८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८७००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.३</td><td>157</td><td>२०७८-३-२४</td><td>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९( ५) अनुसार खर्चभएको रकमको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले मेटालिक स्टोभ प्रतिगोटा मुअकर समेत रु ७०००का दर्ले २८ गोटा खरिद गरी स्मार्ट सोलर प्राली लाइ रु १९६००० भुक्तानी गरेकोमा सो को निर्णय एव सम्वन्धित कृषकहरुले वुझेको भर्पाइ पेश हुन नआएको रु</td><td>१९६,०००</td></tr>
<tr><td>२८.४</td><td>56</td><td>२०७८-३-२९</td><td>पालिकाको मिती २०७७।११।२८ को निर्णय अनुसार लागत सहभागितामा आधारित कार्यक्रममा ५ वडाका ८ जना कृषक हरुलाइ च्यापकटर वितरण गर्ने निर्णय गरी ४० हजारका दरले खरिद गरी ५० प्रतिशत अनुदान बापत रु १६००००। उपलव्ध गराएकोमा कृषक श्यामकला यादव छनौटमा नपरेकोमा समेत वितरण गरेको देखिएकोले रु ४० हजार मुल्य वरावरको उक्त सामान कार्यपालिकाको निर्णय विपरित वितरण गरेको उचित नदेखिएको रु</td><td>४०,०००</td></tr>
<tr><td>२८.५</td><td>59</td><td>२०७८-३-३०</td><td>५९।२०७८।३।३० आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) वमोजिम कुनैरकमको भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ। पशुस्वास्थ्य कार्यक्रम वाट कोभिड विशेष कार्यको अनुगमन कार्यकालागी निम्नानुसारको भ्रमण खर्च भुक्तानि भएको देखिएकोले यसरी असम्वन्धित कार्यकालागी खर्चलेखि भुक्तानि भएको रकम सम्वन्धित वाट असुल गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>भ्रमण अवधि</th><th>स्थान</th><th>भ्रमण खर्च रकम</th></tr>
<tr><td>भक्तवहादुर रोका</td><td>२०७८।३।१देखि ३।३</td><td>कोइलावास</td><td>३३००</td></tr>
<tr><td>सरनकुमार चौधरी</td><td>२०७८।३।१देखि ३।३</td><td>कोइलावास</td><td>३३००</td></tr>
<tr><td>खेमवहादुर चौधरी</td><td>२०७८।३।७ देखि ३।९</td><td>वडान१ र २</td><td>३७००</td></tr>
<tr><td>अनन्तराज रेग्मी</td><td>२०७८।२।२८ देखि ३।३०</td><td>वडान १र२</td><td>३६००</td></tr>
<tr><td>प्रेमसिंह खडका</td><td>२०७८।३।१देखि ३।३</td><td>कोइलावास</td><td>२७००</td></tr>
</table></td><td>१६,६००</td></tr>
<tr><td>२८.६</td><td></td><td></td><td>भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तोकिदिएको राजस्व दररेट अनुसार जै घांसको विउ प्रतिकेजि रु ८०।का दर र टियोसेन्टि घांसको विउ रु १२०</td><td>३२,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्रति केजिका दरले तोकी दिएकोमा जै घांस प्रतिकेजि रु ९०का दरले वढि दर रु १० ले हुने ५००केजिको रु ५०००।र टियोसेन्टि रु १५० का दरले वढि दर रु ३०ले ९००केजिको हुनेरु २७००० समेत जम्मा रु ३२०००। तोकिएको दर भन्दा वढि भुक्तानी गरेको रकम दाखिला गर्नुपर्ने देखिएको रु | |
| २८.७ | | | **क)**१६४-२०७८।३।१७ अनुदान रकमको सहि सदुपयोग भएको हुनु पर्दछ।धानपकेट विकास कार्यक्रम अन्तरगत ५० प्रतिशत लागत सहभागितामा आधारित चेतनशिल कृषक समुह गढवा संग सम्झौता गरी धानको विउ कृषियन्त्र उपकरण खरिद गर्नकालागी रु ९लाख२०हजार अनुदान उपलव्ध गराएको देखियो।उक्त समुहमा आवद्ध १६ जना कृषकहरु मध्ये ४ जना कृषकहरुलाइ पावर टिलर र १ जना कृषकलाइ रिपर उपलव्ध गराएकोमा कृषकको धान लगाउन सक्ने जग्गाको क्षेत्रफल यकिन नगरी समुहमा आवद्ध १६ कृषकमध्ये ४ जनालाइ उक्त उपकरण उपलव्ध गराउनाले कम क्षेत्रफल भएका कृषकले समेत उक्त सामग्रि प्राप्त नगर्लान भन्न सक्ने अवस्था रहेन जस्ले गर्दा क्षमतावान कृषक अनुदान पाउने अवस्थावाट वन्चित हुन सक्ने अवस्था रहन्छ।यसरी अनुदान रकम दुरुपयोग हुने संभावना विध्यमान रहन सक्दछ।अनुदान उपलव्ध गराउंदा सहि कृषक छनौट गरिनु पर्दछ।<br>**ख)** १६३-२०७८।३।१७ पालिकाको वडानं ४ अन्तरगत लागतसहभागितामा आधारित व्यावसायिक उत्पादन केन्द्र धानपकेट क्षेत्र चयनगरी सिद्धवाघनाथ कृषक समुह संग सम्झौता गरी धानको विउ मल कृषि यन्त्र उपकरण पावरटिलर रिपर खरिद गर्न रु१० लाख अनुदान उपलव्ध गराएको देखियो। उक्त धानको विउ मल विभिन्न २९ जना कृषकहरुले वुझेको भर्पाइ पेश हुन आएकोमा सो समुहमा आवद्ध कृषकहरु सहि हुन होइनन पहिचान गर्ने आधार देखिएन।खरिद गरीएका उक्त कृषिजन्य सामग्रीहरु वुझेको भर्पाइ केरमेट गरिनु धान लगाउने जग्गाको क्षेत्रफल कृषकहरुको भए नभएको आदि सम्वन्धमा स्पष्ट अभिलेख नराखेको हुनाले अनुदान रकमको सही उपयोग भएको छ भन्ने अवस्था रहेन।अनुदान रकम उपलव्ध गराउंदा स्पष्ट मापदण्ड तय गरीनु पर्दछ।<br>**ग)** १६५-२०७८।३।२५ प्रधानमन्त्रि कृषि आधुनिकीकरण अन्तरगत माछाव्लक कृषक समुहमा आवद्ध १७ जना कृषकहरुलाइ माछाका भुरा हाते जाल माछादाना माछाविक्री कक्ष सामग्री रेडिमेड जाल होमदाना आदि सामग्री वापत रु ११ लाख अनुदान उपलव्ध गराएको छ।किसानहरुले वुझेको भर्पाइ अनुसार २० कठ्ठा जग्गा वरावरको क्षेत्रफलमा माछा पालन गरिएको अभिलेख पेश हुन आएको छ ।अनुदान प्राप्त गर्ने उक्त कृषकहरु चयन गर्ने आधार कृषकहरुको पालन गर्न सक्ने क्षमता उक्त व्यवसाय गर्न चाहिने जग्गा भए नभएको आदि सम्वन्धमा चयन गर्ने स्पष्ट मापदण्ड तय गरेको पाइएन।यसरी स्पष्ट मापदण्डवेगर अनुदान उपलव्ध गराउनुले अनुदान रकमको सही उपयोग भएको छ भन्ने अवस्था रहेन।<br><br>**घ)** ९।२०७७।८।२४ ३५।२०७८।३।८ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९( १०) वमोजिम कुनैरकमको भुक्तानी दिदा रित पुगे नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ। ५० प्रतिशत लागत साझेदारीमा आधारित पालिकाले कृषकहरुका लागि जै घांसको विउ ५००केजी वर्षिम घांसको विउ १००० केजि र टियोसेन्टि घांसको विउ ९०० केजि खरिद गरी वितरण गरेकोमा निम्न व्यहोरा देखिएका छन ।<br>**ङ)** जै घांसको विउ वढिमा १० केजि घटिमा आधा केजि वर्षिम घांसको विउ वढीमा ५ केजि घटिमा आधा केजिका दरले कृषकलाइ वितरण गरेकोमा उक्त घांसको विउ लगाउन सक्ने कृषकहरुको जग्गाको क्षेत्रफल यकिन नगरी वितरण गरेको छ ।जसवाट वितरित विउहरुको सहि सदुपयोग भएको छ भन्ने अवस्था देखिएन। | |
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| २९.१ | | | स्थानिय तहमा सूचिकृत वेरोजगार व्यक्तीलाइ न्यूनतम रोजगारी प्रत्याभुति गराउन एवं सामुदायिक पूर्वाधारको स्थानिय मार्फत नागरिकको जिवनयापन सुधार | |

| | | | | |
|---|---|---|---|---|
| | | | ल्याउने उदेश्यले स्थानिय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ ।प्रधानमन्त्रि रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५ को दफा २ (१ ) वमोजिम पालिकाले वेरोजगार तथ्यांक अध्यावधिक गरेर सूचिमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामकालागी रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले वेरोजगार तथ्यांक अध्यावधिक गरेको छैन।यस कार्यक्रम अन्तरगत स्थानिय तह भित्रका वडाहरुमा सडक नाला मोटरवाटो वालउध्यान खेलमैदान तटवन्धन निर्माण कार्य लगायतका कार्यक्रम हरु संचालन गरी यस वर्ष ५९९ जनालाइ रोजगारी उपलव्धगराइ रु ६६८०६७४ खर्च लेखेको छ।लक्षित वर्गलाइ रोजगारीउपलव्ध गराइ श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत लेखेका छन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी श्रृजना भएतापनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सिर्जना भएको देखिदैन। | |
| २९.२ | | | १११।२०७८।३।१४ प्रधानमन्त्री रोजगार कार्यक्रममा भुक्तानी दिदा लागत अनुमान, कार्य सम्पन्नन प्रतिवेदनको आधारमा डोर हाजिरी अनुसार योजनामा संलग्न कामदारको बैङ्क खातामा पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन बेगर वडानं ८ कोइलावासका सवैगल्लीहरुमा ग्रावेल सोलिङ र पिसिसि सहित पक्कि नाली निर्माण गरेको भनी रु ९७२४७७। अव्दुल हकिम सिद्धिकीको नाममा पेश्की दिई फर्छ्यौट गरेको देखिएकोले उक्त खर्चलाइ पुष्ट्याइ गर्ने आधार नदेखिएको रु | ९७२,४७७ |
| ३० | | | **सिमलतारा सिंचाई कुलो तथा ड्याम निर्माण**<br>नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहयोगमा निर्माण हुने सिमलतारा सिंचाई कुलो तथा ड्याम निर्माणको रु ६८४९४३३। लागत अनुमानमा कार्यक्रमको रु ४४०००००। गाउँपालिकाको रु १३६५०००। र उपभोक्ता समितिको ११४८१०६। को सहभागितमा निर्माण गरिने योजनामा सिमलतारा सिंचाई कुलो तथा ड्याम निर्माण उपभोक्ता समितिसंग कार्य गराई रु ५७३८७६०। भुक्तानी भएको योजना सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ३०.१ | | | लागत अनुमान तयार गर्दा नर्मसको प्रयोग गरी मानिसले खन्ने गरी दर निर्धारण गरेकोमा निर्धारित दरमा बिओक्यूमा उल्लेख भएको परिमाण बरावरको कार्य मानिसबाटै गरिनु पर्दछ । उल्लेखित योजनाको लागत अनुमानमा २९८ घमी माटो प्रति घमी रु १०७१।२० राखी मानिसद्वारा गरिने रहेकोमा प्राविधिक मूल्याँकन अनुसार मेशिन लगाई १६१.७०घमी मानिसद्वारा र ५९६.७० घमी मेशिनवाट खनेको कार्यसम्पन्न देखाएकोले लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन विच तादाम्यता देखिंदैन ।साथै मानिसवाट गर्ने गरी लागत अनुमान तयार गरेको कामको मेशिनवाट गराई भुक्तानी दिन मिल्ने देखिंदैन । त्यस्तै कार्यालयले स्वीकृत गरेको कडा माटो खन्ने मेशिनको स्वीकृत दर रु ७४।८५ रहेकोमा रु १८०.९२ राखेकोले रु १०६।१० ले ५९६.७० घमी मेशिनको दर राखी बढी भुक्तानी दिएको रु ६३३०९।असूल हुनुपर्ने रु | ६३,३०९ |
| ३०.२ | | | **सम्झौता भन्दा बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। उल्लेखित निर्माण कार्यको सम्झौता गर्दा जलवायु परिवर्तन र कार्यालयको अनुपात ८३.३९ प्रतिशतको आधारमा सम्पन्न काम ६८३१८६२।को रु ५६९७०८९। भुक्तानी दिनुपर्नेमा संघीय सशर्तको भौ नं १३-२०७८।३।२५ बाट रु ४३७२३९०। र गाउँपालिका पूजीगतको भौ नं ४३४-२०७८।३।२५ बाट रु१३६६३७०। समेत रु ५७३८७६०। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु ४१६७०। सम्बन्धितवाट असूल हुनुपर्दछ । | ४१,६७० |

| | | | | |
|---|---|---|---|---|
| ३०.३ | | | **क)नगद योगदान** – नेपाल सरकार जलवायु परिवर्तन सहयोग कार्यक्रम २ कार्यक्रम कार्यान्वयन कार्यविधि स्थानीय तह २०७७ मा उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभग्राहीको तर्फवाट कम्तीमा १० प्रतशत योगदान गर्नुपर्ने र योजना प्रति प्रतिवद्ध तथा अपन्तव प्रदर्शन गर्न समुदायवाट गरिने योगदानवाट कम्तीमा १ प्रतिशत नगद योजना लागतमा वा सञ्चालन तथा मर्मतमा खर्च गर्न सकिने व्यवस्था रहेकोमा यस योजनामा सम्झौता अनुसार उपभोक्ता समितिको योगदान १६.६१ ले रु ११४८१०६। रहेकोमा १ प्रतिशत नगद रु ११४८२। जम्मा गरेको देखिएन । कार्यविधिको पालना गरिनुपर्दछ ।<br>**ख) कामको यथार्थता**- लागत अनुमानमा उल्लेख भएको विओक्यू अनुसारको परिमाण अनुसार प्राविधिक मूल्याँकन गरिनु पर्नेमा लागत अनुमान उल्लेख भएको परिमाण र दर फरक फरक रहेकोले लागत अनुमानमा उल्लेख भएकै काम र परिमाण बरावर काम भएको भनि आश्वस्त हुन नसकिएकोले कार्यालय स्वयंले यकिन गर्नु पर्ने देखिन्छ । | |
| ३१ | | | **बुटेनी हडैया बाटो छेउ नाली निर्माण**<br>नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहयोगमा निर्माण हुने बुटेनी हडैया बाटो छेउ नाली निर्माणको रु ७७४८४२६। लागत अनुमानमा कार्यक्रमको रु ५१०००००। गाउँपालिकाको रु १४७२०००। र उपभोक्ता समितिको ११७६४२६। को सहभागितमा निर्माण गरिने योजनामा सिमलतारा सिंचाई कुलो तथा ड्याम निर्माण उपभोक्ता समितिसंग कार्य गराई रु ५७३८७६०। भुक्तानी भएको योजना सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ३१.१ | | | **एक करोड माथिको कार्य** - सार्वजनीक खरीद नियमावली २०६४ को नियम ९७ को उपनियम १ बमोजिम मूल्य अभीवृद्वी कर ओभरहेड कन्टन्जेन्सी र जनसहभागीताको अंश समेत समावेश गरी तयार भएको एक करोड रुपैया सम्म लागत अनुमान भएका निर्माण कार्य उपभोक्ता समीती मार्फत गराउन सकिने व्यवस्था छ । मूल्य अभीवृद्वी कर, ओभरहेड, कन्टन्जेन्सी र जनसहभागीताको अंश जोड्दा रु १०३३६३९८। लागत हुने बुटेनी हडैया बाटो छेउ नाली निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ ।नियमावली विपरित एक करोड भन्दा बढी लागत अनुमान हुने निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई संघीय ससर्त को भौ नं १३-२०७८।३।२५ बाट रु ४३७२३९०। र गाउँपालिका पूँजीगत शिर्षको भौ नं ४३४-२०७८।३।२५ बाट रु १३६६३७०। समेत रु ५७३८७६०। भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | ५,७३८,७६० |
| ३१.२ | | | **सम्झौता भन्दा बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। उल्लेखित निर्माण कार्यको सम्झौता गर्दा जलवायु परिवर्तन र कार्यालयको अनुपात ८४.८२ प्रतिशतको आधारमा सम्पन्न काम ४२८६९३७।को रु ३६३६१८०। भुक्तानी दिनुपर्नेमा संघीय सशर्तको भौ नं १४-२०७८।३।२५ बाट रु २८२९३७८। र गाउँपालिका पूजीगतको भौ नं ४३६-२०७८।३।२५ बाट रु ८१४५१७। समेत रु ३६४३८९५। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु ७७१६। सम्बन्धितवाट असूल हुनुपर्दछ । | |
| ३१.३ | | | **कार्य सम्पन्न नभएको** – कार्यालय र उपभोक्ता समिति विच भएको सम्झौता अनुसारको कार्य उपभोक्ता समितिले गर्नु पर्दछ । लागत अनुमान रु ७७४८४२६। रहेको उक्त निर्माण कार्य उपभोक्ता समितिले २०७८।२।३० भित्र सम्पन्न गर्ने गरी मिति २०७७।१० मा सम्झौता भएकोमा उपभोक्ता समितिले रु ४२८६९३७। को मात्र कार्य गरी योजना अधुरो रहेको छ । सम्झौता र प्रचलित कानू बमोजिम उपभोक्ता समितिलाई कारवाही गर्नु पर्दछ । | |
| ३१.४ | | | **नगद योगदान** – नेपाल सरकार जलवायु परिवर्तन सहयोग कार्यक्रम २ कार्यक्रम कार्यान्वयन कार्यविधि स्थानीय तह २०७७ मा उपभोक्ता समिति मार्फत कार्य | |

| | | | | |
|---|---|---|---|---|
| | | | गराउँदा लाभग्राहीको तर्फवाट कम्तीमा १० प्रतशत योगदान गर्नुपर्ने र योजना प्रति प्रतिवद्ध तथा अपन्तव प्रदर्शन गर्न समुदायवाट गरिने योगदानवाट कम्तीमा १ प्रतिशत नगद योजना लागतमा वा सञ्चालन तथा मर्मतमा खर्च गर्न सकिने व्यवस्था रहेकोमा यस योजनामा सम्झौता अनुसार उपभोक्ता समितिको योगदान १५.१८ ले रु ११७६४२६। रहेकोमा १ प्रतिशत नगद रु ११७६४। जम्मा गरेको देखिएन । कार्यविधिको पालना गरिनुपर्दछ । | |
| ३२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ३२.१ | | | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८1 कर्मचारीहरु करारमा राखी रु.२,०६,३७,७६०। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा २२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.४८,७७,८६०।- भुक्तानी गरेकोले बढी व्ययभार परेको रु. | ४,८७७,८६० |
| ३२.२ | | | पारिश्रमिक आयकर : आयकर ऐन ,२०५८ को दफा ८७ (1)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु. ९६,१४३।- करकट्टि गर्नुपर्नेमा रु. ५२,५३०।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु. ४३,६१३।– असुल गर्नुपर्ने रु. | ४३,६१३ |

| क्र.स | पदाधिकारीको नाम | बार्षिक आय | कर छुट रकम | कर योग्य आय | कट्टी गर्नुपर्ने | गरेको कट्टी | नपुग रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सहजराज अहिर | ५६१००० | ४५०००० | १११००० | १६७०० | ४५०० | १२२०० |
| २ | शान्ती चौधरी | ५१९००० | ४५०००० | ६९००० | ११४०० | ४५०० | ६९०० |
| ३ | डा.रुपेन्द्र पोखरेल | ७९५१४३ | ४५०००० | ३४५१४३ | ६८०४३ | ४३५३० | २४५१ |
| | जम्मा | | | | ९६१४३ | ५२५३० | ४३६१३ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | | |
| ३३.१ | | | **अनुगमन भत्ता**- भ्रमण खर्च नियमावली, २०६४ बमोजिम २० कि.मि. भित्र र एकै दिन फर्किन सकिने स्थानमा भ्रमण जादाँ २५ प्रतिशत खाजा खर्च दिने व्यवस्था छ। साथै प्रदेश सरकारद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम अनुगमन भत्ता खर्च लेख्न मिल्ने व्यवस्था छैन। उपाध्यक्ष शान्ती चौधरीले योजनाहरुको अनुगमन भनी विभिन्न मितिमा सवारी साधन भाडामा लिई रु.१,३१,५००। र गो.भौ.नं.४५७-२०७८।३।२५ बाट अनुगमन खजा खर्च बापत रु.३८५१५ समेत रु.१,७०,०१५। भुक्तानी भएकोमा सवारी धनीसंग कार्यालयले गरेको दुइ | १७०,०१५ |

| | | | | |
|---|---|---|---|---|
| | | | पक्षिय सम्झौता संलग्न छैन। योजना अनुगमन गर्दा अनुगमन गरिएका योजनाहरुको बस्तुस्थीती, कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी प्रतिवेदन तयार गर्ने र सोको आधारमा अनुगमन खर्च लेख्नुपर्नेमा सो बेगर कार्यालयले सवारी साधन सुविधा उपलव्ध गराएको अवस्थामा समेत सवारी साधन भाडामा लिइ खर्च लेखेकोले बढी व्ययभार परेको रु. | |
| ३३.२ | 508 | २०७८-३-३० | **भ्रमण खर्च**- भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदनसाथ आवश्यक विल भर्पाइ सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र नियमावलीको नियम ७(१) अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले मात्र अनुसुची-२ अनुसारको दरमा दैनिक भत्ता पाउने उल्लेख छ । कार्यालयका वडाध्यक्ष बाबुराम अधिकारी मिति २०७८।३।४ देखी ३।१० सम्म सरकारी कामको सिलसिलामा काठमाडौं गएको भनी रु.९३७५। भुक्तानी भएको छ। गाउँपालिकाको कार्यपालिका बैठक भिडान गर्दा निज वडाध्यक्ष मिति २०७६।३।६ र ३।१० को कार्यपालिका बैठकमा उपस्थित भएको पाइयो । कार्यपालिका बैठकमा उपस्थित भएको अवस्थामा भ्रमण खर्च लेखेको रकम असुल हुनुपर्नाको साथै यस प्रकारका भुक्तानी अन्य भ्रमण खर्चमा समेत हुन सक्ने भएकोले कार्यालयले एकिन गरी असुल हुनुपर्ने रु. | ९,३७५ |
| ३३.३ | | | **इन्धन खर्च** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस बर्ष इन्धन खर्च बापत पाकिजा लोकप्रिय आयल सेन्टर गढवालाई रु.२६,५८,३३२। भुक्तानी गरेको छ । इन्धन भुक्तानी विल परिक्षण गर्दा कार्यालयले बर्ष भरिमा १९९०७ लिटर डिजेल र ८६३५ लिटर पेट्रोल खपत गरेको देखिन्छ। इन्धन खर्च लेख्दा सवारी लगबुक र खरिद कुपनको आधारमा खर्च लेख्नु पर्दछ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राखेको छैन। आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाई इन्धन खर्चमा मितव्ययिता अपनाउनुपर्दछ। | |
| ३४ | | | **पदाधिकारी सेवा सुविधा** | |
| ३४.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२६,१६,०००।-, टेलिफोन तथा मोवाइल रु.१३,६२,०००। पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१२,२४,०००।-, समन्वय तथा सहजीकरणमा रु.२०,८८,०००।- अतिथि सत्कारमा रु. | |

| | | | | |
|---|---|---|---|---|
| | | | ४,८०,०००।- खानेपानी विजुली सरसफाईमा रु.१,२०,०००।- , मर्मत सम्भार विद्युत उर्जा शिर्षकमा रु.१२००००। र चाडवाड खर्च रु.३,६८,०००। समेत रु.८२,५८,०००।- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन। अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| ३४.२ | | | सल्लाहकार – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । अध्यक्षको प्रेस संयोजक पदमा शिवराज पन्थीलाई नियुक्त गरी मासिक रु.१७०००। को दरले बार्षिक रु.२,२१,०००।, कानुनी सल्लाहकार पदमा हरि बेलबासेलाई नियुक्त गरी बार्षिक रु.१,५६,०००।- समेत रु.३,७७,०००। खर्च लेखेकोले बढि व्ययभार परेको रु. | ३७७,००० |
| ३४.३ | | | सवारी साधन सुविधा – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सवारी सुविधा उपलब्ध गराउने र उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात भत्ता पाउने ब्यवस्था छ । पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई सवारी साधन उपलव्ध गराएको अवस्थामा पुन यातायात भत्ता बापत मासिक रु.१२०००। को दरले बार्षिक रु.१४४०००। जनही भुक्तानी गरेको छ। सवारी साधन सुविधा लिएका पदाधिकारीहरुलाई यातायात भत्ता बापत भुक्तानी गरेको रकम अध्यक्षबाट रु.१४४०००। र उपाध्यक्षबाट रु.१४४०००। समेत रु.२८८०००। असुल हुनुपर्ने रु. | २८८,००० |
| ३४.४ | | | **सवारी साधन सुविधा** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सवारी सुविधा उपलब्ध गराउने र उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात भत्ता पाउने ब्यवस्था छ । कार्यालयको जिन्सी खाता परिक्षण गर्दा निम्न नम्बरका सरकारी मोटरसाइकल वडा सचिवको नाममा भर्पाइ गरी वडा कार्यालयमा हस्तान्तरण गरेको छ। वडा सचिवहरुले सवारी साधन बुझिलिएतापनि वडाध्यक्षहरु स्वयमले प्रयोग गर्ने गरेको वडा सचिवहरुको भनाई रहेको छ। सो सम्बन्धमा लेखापरीक्षणको क्रममा वडा नं.१ का वडा सचिव भरत के.सी, वडा न. ३ का वडा सचिव यशोबर्द्धन मिश्र र वडा नं.७ का वडा सचिव प्रभुदाश यादवसँग सोधपुक्ष गर्दा वडाध्यक्षहरुले नै मोटरसाइकल प्रयोग गर्ने गरेको र सो सवारी कार्यालय प्रयोजनको लागि वडा कर्मचारीहरुले प्रयोग नगरेको भनाई रहेको छ। सवारी मर्मतको विल भर्पाइ परिक्षण गर्दा मोटरसाइकल मर्मत र इन्धन स्वयम वडाध्यक्षहरुले बुझिलिएको देखिएकोले यातायात भत्ता बापत ७ वडा अध्यक्षलाई मासिक रु.१०००० को दरले रु.८,४०,०००। यातायात भत्ता दिएको असुल हुनुपर्ने रु. | ८४०,००० |

| क.स | पदाधिकारीहरुको नाम | वडा नं | सवारीको किसिम | यातायात रकम |
|---|---|---|---|---|
| १ | बाबुराम अधिकारी | १ | मो.सा | १२०००० |
| २ | भक्तु चौधरी | २ | मो.सा | १२०००० |
| ३ | तुल्सीराम अधिकारी | ३ | मो.सा | १२०००० |
| ४ | गुलाम मोहम्मद जागा मुसलमान | ४ | मो.सा | १२०००० |
| ५ | बालचन्द्र ठकुरी हमाल | ६ | मो.सा | १२०००० |
| ६ | राहुल देव चौधरी | ७ | मो.सा | १२०००० |
| ७ | सद्धाम सिद्धिकी | ८ | मो.सा | १२०००० |
| | जम्मा | | | ८४०००० |

| | | | | |
|---|---|---|---|---|
| ३४.५ | | | दोहोरो सुविधा :- कार्यालयले पदाधिकारीहरुलाई दोहोरो सुविधा हुने गरी खर्च लेख्नु हुदैन । नमुना छनौट गरी परीक्षण गर्दा गाउँपालिका अध्यक्षले सञ्चार सुविधा बापत मासिक रु.३५०० को दरले बार्षिक रु.४२,०००। बुझेको अवस्थामा पुन मोबाइल रिचार्ज बापत रु१०,०००। खर्च लेखेको पाइयो । सञ्चार सुविधा लिएको अवस्थामा पुन विभिन्न गोश्वारा भौचरबाट मोबाइल रिचार्ज बापत सञ्चार खर्च लेखेकोले दोहोरो रकम थप एकिन गरी सम्बन्धितबाट असुल हुनुपर्ने रु. | १०,००० |
| ३५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यो बर्ष निम्नानुसार रू. ९,१२,६४५। कृषि क्षेत्रमा अनुदान खर्च लेखेको छ । कार्यालयले पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । कृषकको खरिद गर्न सक्ने क्षमता, कृषकको माग, आवश्यकता, खेतियोग्य जमिनको क्षेत्रफल र सो क्षेत्रफलमा आवश्यक पर्ने विउ परिमाण निर्धारण गरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीको विवरण अद्यावधिक गरी अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ। संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकीन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्; | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं. र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>६-२०७७।१०।१६</td><td>५०% अनुदानमा सुर्योदय कृषक बहुउद्देश्यिय सहकारी संस्थाबाट ६६३० के.जी धानको विउ खरिद</td><td>२३२०५०</td></tr>
<tr><td>७-२०७७।१०।१९</td><td>५०% अनुदानमा दुमदुमा भगवती तरकारी तथा आलु विउ उत्पादक कृषक समुहबाट १११७ के.जी आलु विउ खरिद</td><td>११८०७०</td></tr>
<tr><td>९-२०७७।१०।१९</td><td>५०% अनुदानमा लुम्बिनी सिड कम्पनी प्रालिबाट २८०० के.जि गहुँ विउ खरिद</td><td>११३९८०</td></tr>
<tr><td>१०,१६-२०७८।३।१३</td><td>१००% अनुदानमा सि.एण्ड पि एग्रोभेट सेन्टरबाट १०००० प्याकेट तरकारी विउ खरिद</td><td>२०००००</td></tr>
<tr><td>१६-२०७८।३।१३</td><td>बहुउद्देश्यिय कृषि तथा च्याउ खेती फर्मबाट २६३० पोका च्याउ खरिद</td><td>९८६२५</td></tr>
<tr><td>२४-२०७८।३।२५</td><td>स्वर्गद्धारी एग्रो सेन्टरबाट तरकारी विउ खरिद १४०३.४ ग्राम</td><td>१४९९२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९१२६४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td>308</td><td>२०७८-१-१३</td><td>अन्तरनिकाय समन्वय<br>योजना छनौट र कार्यान्वयन गर्दा एउटै योजनाको लागि बिभिन्न क्षेत्रवाट बजेट विनियोजन गर्ने र अलग अलग निकायले कार्यान्वयन नगर्न अन्तर निकाय समन्वयय हुनुपर्दछ । कार्यालयले यसवर्ष हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं.२मा हरियाली प्रवर्द्धन उपभोक्ता समिती गठन गरी विरुवा रोपण कार्यक्रममा रु.४०३५८०। खर्च लेखेको छ। वृक्षारोपणको लागि कार्यालयले रोपण क्षेत्रफल एकिन गरी नर्म्स अनुसार विरुवा रोपण गर्ने गरी लागत अनुमान तयार गरी कार्य गर्नुपर्नेमा गरेको छैन। कार्यालयले भुक्तानी मागको लागि पेश गरेको विल भर्पाइ अनुसार विरुवा संरक्षणको लागि ६८८। २० मिटर ग्याविन जाली खरिद भएकोमा विरुवा संरक्षण हुने गरी बक्स निर्माण गरी प्रयोग गरेको देखिएन। सामुदायिक वन विकास कार्यक्रमहरु डिभिजन वन कार्यालयबाट समेत सञ्चालन हुने हुँदा अन्तरनिकाय समन्वय गरेर मात्र खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>तालीमबाट उत्पादित सामान<br>व्यवसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा संचालन) कार्यविधि,२077 को बुदा 17 मा प्रदेश सरकार तथा स्थानीय सरकारले सञ्चालन गरेको तालिम कार्यक्रमबाट उत्पादित मालसामानको छुटै जिन्सी खाता राखी विक्री परिमाण, विक्रि रकम र सो रकम राजश्व दाखिला दुरुस्त देखिने गरी सम्बन्धीत निकायले अभिलेख राख्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष ढकिया बुनाइ तालिममा रु.६,८८,४५०। र कृष्टल गहना बनाउने तालिममा रु.१५००००। समेत रु.८,३८,४५०। खर्च लेखेकोमा तालीमवाट उत्पादित सामाग्रीहरुको अभिलेख राखी विक्रि गरी राजश्व आम्दानी गर्ने गरेको छैन। उत्पादित सामाग्रीहरुको अभिलेख राखी विक्रीबाट आम्दानी वृद्धि गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । साथै कार्यालयले तालिममा सहभागि प्रशिक्षार्थिहरुको लगत समेत राखेको छैन । यसबाट एक आर्थिक बर्षमा कुन कुन विद्याका कति जनालाइ सिपमुलक तालिम दियो भन्ने तथ्याङ्क प्राप्त गर्न सकिएन। कार्यालयबाट सिपमुलक तालिम लिने प्रशिक्षार्थिहरुको लगत कायम गरी उत्पादनमुलक तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बैठक भत्ता खर्च<br>लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद 2 बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। कार्यालयले विभिन्न ठेक्काको बोलपत्र मुल्याङकन र विषयगत शाखाको बैठक बापत</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | रु.७,४८,५००। बैठक भत्ता भुक्तानी गरेको छ । बैठकको विषय बस्तु, सम्बन्धित क्षेत्रमा देखिएका कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी बैठकको निर्णय तयार गर्ने र सोको आधारमा खर्च लेख्नुपर्नेमा सम्बन्धित विषय समितिमा रहने सदस्यसंख्या भन्दा बढी हुने गरी भत्ता खर्च लेखेको छ। कार्यालयले सिलबन्दी कोटेशनहरुको समेत बोलपत्र मुचुल्का खोलेको र मूल्याङ्कन गरेको भनी खरिद समितिले तोके भन्दा बढी उपस्थिति गराई भत्ता खर्च लेखेको छ। प्रदेश निर्देशिका विपरित हुने गरी भएका यस प्रकारको बैठक भत्ता खर्चमा नियन्त्रण हुनुपर्दछ। | |

| गोश्वारा भौचर | विवरण | जम्मा |
|---|---|---|
| १५१-२०७७।१०।२१ | पालिकाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन बापत ८ कर्मचारीहरुलाई भत्ता भुक्तानी | २७००० |
| २१३-२०७७।११।१२ | बिभिन्न मितिमा बोलपत्र ठेक्का खोल्दा र मूल्याङ्कन गर्दा बसेको बैठक बापत अध्यक्ष सहजराम यादव सहित १४ जनालाई १८ दिन सम्मको भत्ता भुक्तानी | २०४००० |
| २९७-२०७७।१२।३१ | बिभिन्न मितिमा बोलपत्र ठेक्का खोल्दा र मूल्याङ्कन गर्दा बसेको बैठक बापत प्र.प्र.अ लालबहादुर योगी सहित १० जनालाई ४२ दिन सम्मको भत्ता भुक्तानी | २६७००० |
| पू.१०५-२०७७।७।१४ | बिभिन्न मितिमा बोलपत्र ठेक्का खोल्दा र मूल्याङ्कन गर्दा बसेको बैठक बापत अध्यक्ष सहजराम अहिर सहित ११ जनालाई १६ दिन सम्मको भत्ता भुक्तानी | १०२००० |
| पू.५०७-२०७८।३।३० | बिभिन्न मितिमा बोलपत्र ठेक्का खोल्दा र मूल्याङ्कन गर्दा बसेको बैठक बापत प्र.प्र.अ सहित ९ जनालाई १४ दिन सम्मको भत्ता भुक्तानी | १४८५०० |
| | जम्मा | ७४८५०० |

| | | | | |
|---|---|---|---|---|
| ३९ | 483 | २०७८-३-२९ | **पानी धारा जडान**<br>कार्यालयले १८० घरहरुमा पानी धारा जडान गर्ने कार्यको लागि जुरौनी धारा मिटर जडान उपभोक्ता समितीसंग गढवा गाउँपालिकाले रु.२०००००। व्यहोर्ने गरी सम्झौता भएकोमा सो योजनामा गाउँपालिका पूँजिगतबाट रु.२०००००। र गाउँपालिका चालुको वडाध्यक्ष कोषबाट रु.५००००। गरी रु.२५००००। भुक्तानी गरेको छ। कार्यालयले उक्त उपभोक्ता समितिलाई सम्झौता भन्दा रु.५००००।- बढी भुक्तानी गरेकोले बढी भुक्तानी उपभोक्ता समितिबाट असुल हुनुपर्नाको साथै १८० घरमा पाइप जडान भएको नापि र कार्यसम्पन्न पेश हुनुपर्ने रु. | २५०,००० |
| ४० | 496 | २०७८-३-३० | **पाइप खन्ने पुर्ने कार्य**<br>कार्यालयले वडा नं.६ आटिपाकर खानेपानी पाइपलाइन खन्ने पुर्ने कार्य बापत आटिपाकर खानेपानी उपभोक्ता समितिलाई रु.२५०००। भुक्तानी गरेकोमा सो योजनामा पाइप खरिदको कार्य संलग्न छैन। सो सम्बन्धमा कार्यालयसंग जानकारी माग गर्दा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट पाइप प्राप्त गरी कार्य गरेको भनाइ रहेको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट सञ्चालन हुने योजनाहरुमा खानेपानी कार्यालयले पाइप खरिद गर्ने र खन्ने र पुर्ने कार्यको लागि उपभोक्ताको योगदान छुट्टाइ सम्झौता भएको हुने हुँदा सो योजनामा खानेपानी कार्यालयबाट पाइप खर्च मात्र भुक्तानी भई उपभोक्ताको अंश नछुट्याएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | २५,००० |
| ४१ | | | **पालिका स्तरिय खेलकुद प्रतियोगिता**<br>दोश्रो पालिकास्तरिय अन्तर विद्यालय तहगत खेलकुद प्रतियोगितामा कार्यालयले रु.४२७०००। खर्च गरेको छ। कार्यालयले सो कार्यक्रमको लागि कुन कुन विधाका कति खेलमा कति खेलाडीहरुलाई समावेश गराउने भनी लागत अनुमान तयार गर्नुपर्ने सो गरेको छैन। कार्यालयले ९३५८०। मूल्य बराबरका खेलकुद सामाग्री खरिद गरेकोमा सोको जिन्सी दाखिला समेत गरेको देखिएन। कार्यक्रम सञ्चालन पुर्व पालिकास्तरबाट सञ्चालन हुने खेल प्रतियोगिताको लागत अनुमान तयार गरी सोही बमोजिम खर्चमा मितव्ययीता कायम गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ४२ | | | **चालु खर्च** | |

| | | | | |
|---|---|---|---|---|
| ४२.१ | 25 | २०७८-१-१२ | महिला विकास शाखाको बाख्रा वितरण कार्यक्रम अन्तर्गत बाख्रा खरिदको लागि गाउँगाउँमा बाख्रा खोज्न गएको तर गाउँमा खरिद गर्न योग्य बाख्रा नभेटिएको भनी कार्यालयले सवारी चालक गौरीलाल चौधरीको निवेदनको आधारमा रु.६०००। खर्च भुक्तानी गरेको छ। कार्यालयले कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी सोको प्राथमिकिकरण गर्ने र प्राथमिकिकरणबाट छनौट भएको उपयुक्त मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरी बाख्रा वितरण गर्ने कृषकहरुको तथ्याङ्क समेत संलग्न नगराई गाउँगाउमा बाख्रा खोज्न जाँदा बाख्रा नभेटिएको भनी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ६,००० |
| ४२.२ | | | | ५००,३४५ |
| ४२.३ | | | | १७,५८१,५०५ |
| ४२.४ | 25 | २०७८-३-२९ | **अनुगमन भत्ता** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम २० कि.मि. भित्र र एकै दिन फर्किन सकिने स्थानमा भ्रमण जादाँ २५ प्रतिशत खाजा खर्च दिने व्यवस्था छ। साथै प्रदेश सरकारद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम अनुगमन भत्ता खर्च लेख्न मिल्ने व्यवस्था छैन।कार्यालयले सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुगमन बापत शिक्षा शाखा प्रमुख श्याम बहादुर वि.क, हेमन्ती कुमाल र विकास रजौरेलाइ रु.१०००। को दरले ६ दिनको रु.१८०००। भत्ता भुक्तानी गरेको छ।विद्यालय अनुगमन गर्दा विद्यालयहरुको बस्तुस्थीती, कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी प्रतिवेदन तयार गर्ने र सोको आधारमा अनुगमन खर्च लेख्नुपर्नेमा सो बेगर खर्च लेखेकोले बढी व्ययभार परेको रु. | १८,००० |
| ४२.५ | | | **कार्यक्रमको उपादेयता** कार्यालयले विनियोजित बजेट र सञ्चालित कार्यक्रम विच उचित तालमेल गरी अधिकतम प्रतिफल हासिल गर्नुपर्दछ। बाल सञ्जाल पुर्नगठन कार्यक्रममा यस बर्ष कार्यालयले रु.१५००००। खर्च गरेको छ। कार्यक्रमसँग सम्बन्धित विल भर्पाइ परिक्षण गर्दा उक्त कार्यक्रममा रु.१२०९९०। (८०%) खाजा खाना खर्च र ३००००।(२०%) प्रशासनिक कार्यमा खर्च भएको विल भर्पाइ पेश भएको छ। सो कार्यक्रम सञ्चालन पश्चात कति बाल सञ्जालहरु पुर्नगठन भए, समुदायमा बाल सञ्जालहरुको भुमिका के रहने र बाल अधिकार र कर्तव्यको अवस्था कस्तो छ भन्ने विषयमा कुनै पनि प्रगति प्रतिवेदन कार्यालयले तयार गरेको छैन। कार्यक्रमको मर्म अनुरुप खर्च गरी अधिकतम प्रतिफल हासिल गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ४३ | | | **पर्सेनी पक्की नाला तथा कालोपत्रे ठे नं ३१।०७६।७७**<br>लागत अनुमान रु ३६१७१८५। रहेको उठैया पर्सेनी पक्की नाला तथा कालोपत्रे निर्माण लागि आ व २०७६।७७ मा ठेक्का व्यवस्थापन भई उज्वल निर्माण सेवाले कवोल गरेको रु २६६४८२८।१५ कवोल अँकमा मिति २०७८।३।५ मा सम्पन्न गर्नेगरी मिति २०७७।२।२२ मा सम्झौता भएको र अन्तिम विलसम्म रु २६५९५२०। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ४३.१ | | | **म्याद थप**- सार्वजनिक खरिद नियमावलीको नियम १२० मा निवेदन प्राप्त भएपछि सम्वन्धित अधिकार प्राप्त व्यक्तिले सो सम्वन्धमा जाँचबुझ गर्नुपर्ने व्यवस्था छ । यसरी जाँचबुझ गर्दा संझौता बमोजिमको काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयार गरेको थियो वा थिएन, कार्यालयले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन,काबु वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन भन्ने विषयमा विश्लेषण गर्नुपर्ने व्यवस्था छ ।उल्लेखित निर्माण कार्यको कार्य सम्पन्न गर्नु पर्ने अवधि १५ दिन रहेको र काम सम्पन्न नभएको यो योजना लगायत नाम नामेसी नखोली गाउँसभाबाट एकमुष्ट रुपमा पुष मसान्त | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्म म्याद थप गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ अनुसार लागत अनुमान तयार गर्दा अन्य कुराको अतिरिक्त कामसम्पन्न गर्न लाग्ने अधिकतम समय र रकम समेत विचार गरी लागत अनुमान तयार गर्नुका साथै कानूनले निर्दिष्ट गरेको पदाधिकारीबाट म्याद थप गरिनु पर्दछ । | |
| ४३.२ | | | **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०( ४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको म्याद थप गरी कार्य सम्पन्न गर्ने अवधि २०७८ पुष मसान्त सम्म रहेकोमा सानिमा वैंकको कार्यसम्पादन जमानत SPB02776770087 रु ३४००००। को म्याद २०७८।८। १५ सम्म रहेकोमा म्याद थप नगराई निर्माण कार्यको म्याद थप गरेको उचित देखिएन । | |
| ४४ | | | **पुतलि वजार विके टोल कुमाल टोल सडक निर्माण ठेन १।०७५।७६**<br>लागत अनुमान रु ४५५८४३८१। रहेको पुतलि वजार विके टोल कुमाल टोल सडक निर्माणको लागि आ व २०७५।७६ मा ठेक्का व्यवस्थापन भई केशव शाह। उज्वल जे भी ले कवोल गरेको रु २११८१७९६।४४ कवोल अँकमा मिति २०७८।१।१२ मा सम्पन्न गर्नेगरी मिति २०७६।११।१३ मा सम्झौता भएको र अन्तिम विलसम्म रु २६४५६९३०। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ४४.१ | | | **कार्यसम्पादन जमानत** - जसार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) मा कार्य सम्पादन जमानत दाखिला गर्दा बोलपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अँक कवुल गरेमा कवुल अँकको पाँच प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कवुल गरेको सोको पचास प्रतिशतले हुन आउने रकममा कवुल अँकको पाँच प्रतिशत थप गरी कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । उल्लेखित योजनाको संशोधित लागत अनुमान रु ५०७१६९८७। र सम्झौता रकम रु २७३५७४८४। रहेको निर्माण कार्यको जमानत रु ९२४४०००। आवश्यक पर्नेमा रु ४८९००००। मात्रको जमानत पेश गरेको छ ।घटी जमानत लिई कार्य गराएको उचित नदेखिनुका साथै भेरिएशन स्वीकृत गर्दा थप जमानत पेश गर्नु पर्नेमा नगरेकोले यसमा सुधार हुनुपर्दछ । | |
| ४४.२ | 230 | २०७७-११-१० | **बिमा** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएका निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था गरेको छ । उल्लेखित निर्माण कार्यको दोस्रो रनिङ विल रु ७८३९१५६। भुक्तानी गर्दा विमा वापत रु १०००००। समेत भुक्तानी दिएकोमा विमा गरेको प्रमाण लेखापरीक्षणमा पेश नभएकोले विमा गरेको प्रमाण पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु | १००,००० |
| ४४.३ | | | **भेरियसन**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले sub base of granular 1219.28 m3, construction or embankment shoulder and other miscellaneous filling 2707.43 m3 नयाँ थप आईटम र supply and place un coursed random rubber masonry 192.33m3 थप गर्नु पर्ने भनी सुरु लागत अनुमान बढाई ५०७१६९८७। र सम्झौता रकममा २७३५७४८४। मा दर नेगोशेनको आधारमा भेरीएसन जारी गरी सुरु सम्झौता रकम भन्दा थप रु ५२७५१३४। लागत अनुमान तयार गर्दाका बखत पुर्वानुमान गर्न सकिने विषय तथा पक्की सडक निर्माणमा नभई नहुने sub base of granular र construction or embankment shoulder and other miscellaneous filling जस्ता मूल आईटम लागत अनुमानमा छुटाई कार्यपालिकाको मिति २०७७।१०।२५ को निर्णय | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार भेरीएसन स्वीकृत गरी भुक्तानी दिएकोमा लागत अनुमान तयार गर्ने जिम्मेवार प्राविधिकलाई सचेत समेत नगराई भेरीएन भुक्तानी गरेको उचित देखिएन। यसमा सुधार हुनुपर्दछ । | |
| ४४.४ | | | **कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, उपनियम(२) मा उल्लेखित प्रावधान पुरागरी उपनियम(३) अनुसार सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको लागि आर्थिक प्रशासन शाखा वा निकायमा पठाउनु पर्ने व्यवस्था छ । उल्लेखित कार्यको अन्तिम विलको भौ नं २३०-२०७७।११।१० बाट रु. १०६६८४७१।– भुक्तानी दिएकोमा नियमले व्यवस्था गरेको प्रावधान पुरा नगरी अन्तिम विलको रकम भुक्तानी दिएको पाइयो । यसरी कार्य स्वीकार प्रतिवेदन बेगर निवेदनको आधारमा अन्तिम विलको भुक्तानी दिंदा त्रुटी सच्याउने अवधि कहिले देखि कहिले सम्म रहने, कार्य सम्पन्न प्रतिवेदन कहिले जारी गर्ने भन्ने जस्तो दुविधा हुने देखिन्छ । यसमा सुधार हुनुपर्दछ । | |
| ४५ | | | **स्वास्थ्य चौकि बर्थिङ सेन्टर**<br>सूचनामा प्रकाशित लागत अनुमान रु ४४७०३४२। रहेको स्वास्थ्य चौकी बर्थिङ सेन्टर निर्माणको लागि आ व २०७५।७६ मा ठेक्का व्यवस्थापन भई भँवर भवानी निर्माण सेवाले कवोल गरेको रु ३१९८२९२।कवोल अँकमा मिति २०७८।३।१५ मा सम्पन्न गर्नेगरी मिति २०७७।१२।१८ मा सम्झौता भएको र अन्तिम विलसम्म रु २५४७१७५। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ४५.१ | | | **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । उक्त नियममा अन्य कुराका अतिरिक्त लागत अनुमान तयार गर्दा निर्माण सम्पन्न गर्न लाग्न अधिकतम लागतको विचार गरेर लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको स्वीकृत लागत लागत अनुमान रु ५०७२३५४। सूचनामा प्रकाशित लागत ४४७०३४२।३९ र तुलनात्मक तालिकामा ५१५३५२४।४४ उल्लेख गरेकोले लागत अनुमानको यथार्थता यकिन गर्न सकिएन । लागत अनुमान तयार गर्ने र ठेक्का प्रकृया संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई लागत अनुमान यथार्थपरक बनाउनु पर्दछ । | |
| ४५.२ | | | **घटीको कार्यसम्पन्न** – सार्वजनिक खरिद नियमावली २०६४ का नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।निर्माण व्यवसायीले कार्यसम्पन्न भएको भनि अन्तिम भुक्तानीको लागि माग गरेकोमा प्रविधिकले नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी भौ नं १९-२०७८।३।३० बाट रु २५४७१७५।– भुक्तानी गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार झ्याल ढोका, प्लाष्टर कार्य, मार्वल कार्य टायल कार्य तथा रंगरोगनको कार्य समेत नभएको अवस्थामा कार्य नहुनुको उचित कारण समेत उल्लेख नगरी ७९.६४ प्रतिशत मात्र कार्य भएकोमा निर्माण सम्पन्न प्रतिवेदन जारी गरेको छ ।निर्माण व्यवसायीसंग भएको सम्झौतामा उल्लेखित पुरै परिमाणको कार्य भएपछि मात्र कार्यसम्पन्न प्रतिवेदन जारी गरिनु पर्दछ । | |
| ४६ | | | **मु. अर. कर कट्टी नगरेको** – महालेखा नियन्त्रक कार्यालयको मिति २०७६।३।१० को परिपत्र अनुसार ठेक्का सम्झौताको मू. अ. कर भुक्तानी गर्दा ५० प्रतिशत रकम सम्बन्धित कार्यालयले कट्टा गरी आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था विपरित पालिकाबाट देहायका फर्मलाई बिजक रकम रु.६४४९९२१ भुक्तानी दिंदा मू.अ.कर रु. ८३८४९०। भुक्तानी दिएकोमा ५० प्रतिशत कट्टी | ४१९,२४६ |

गरेको नदेखिएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | विजक नं | विल रकम मू अ कर बाहेक | ५० प्रतिशत मू.अ.कर |
|---|---|---|---|---|
| ५-०७७।५।१ | उज्वल निर्माण सेवा (३०२६४२८०५) | ३७ | १३८१०२५ | ८९७६७ |
| ३-०७७।५।१ | उज्वल निर्माण सेवा (३०२६४२८०५) | ३५ | १२५९४४० | ८१८६४ |
| ६-०७७।५।१ | उज्वल निर्माण सेवा (३०२६४२८०५) | ३६ | २२४७४९० | १४६०८७ |
| ३४-०७७।५।४ | लोकमणी विल्डर्स (६०६८८०४८०) | १८ | १५६१९६६ | १०१५२८ |
| जम्मा | | | | ४१९२४६ |

४७

**चन्दनपुर भोजपुर पक्की नाला तथा ग्राभेल निर्माण**

**बोलपत्रको वशेष मूल्याँकन**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५(१) ख मा निर्माण कार्यको बोलपत्रको विशेष मूल्याँकन सम्बन्धी व्यवस्था अनुसार वोलपत्रदाताले विल अफ क्वाण्टिटिमा संलग्न आईटमको लागि उल्लेख गरेको प्रति ईकाई दर विश्वासनिय भए नभएको र उपनियम(ग) मा खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नुपर्ने आईटमको लागि वोलपत्र दाताले अस्वाभाविक दर राखेको वा वोलपत्रदाताले BOQ को कुनै आईटममा न्यून अनुमान भएको भनि विश्वास गरेको आईटमको लागि नजिले अस्वाभाविक उच्च दर राखेकोमा विशेष मूल्याँकन समितिले वोलपत्रदातासंग दर विश्लेषण सहितको स्पष्टिकरण माग गर्नु पर्ने र स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो वोलपत्रदातासंग निजले कवोल अंकको आठ प्रतिशतले हुने थप कार्यसम्पादन जमानत लिई वोलपत्र स्वीकृत गर्न सिफरिश गर्ने र त्यस्तो स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो वोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले चन्दनपुर भोजपुर पक्की नाला तथा ग्राभेल कार्यको रु ५२४१०४१। लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा खालिफा विल्डर्सले कवोल गरेको रु २८५०७६४। मा सम्झौता गरी कार्य गराएकोमा निम्न कार्यको लागत अनुमान दर र बोलपत्रदाताको वीओक्यूको निम्न आईटमहरुमा उच्च अन्तर देखिएकोमा बोलपत्रको विशेष मूल्याँकन गरी वोलपत्रदातासंग दर विश्लेषण सहितको स्पष्टिकरण माग गरेको छैन । कानूनमा उल्लेख भए अनुसार वोलपत्रको विशेष मूल्याङ्कन हुनु पर्दछ ।

| कामको विवरण | परिमाण घमी | वोलपत्रदाताको दर |
|---|---|---|
| Road way excavation by using excavator including disposal | 480 | 1800 |
| Levelling and rolling soil material | 3200 | |
| 20 cm gravel filling, laying levelling and rolling rivel bed material with 8-10 ton roller | 20000 | 50 |
| Earthwork excavation for Drain | 296 | 200 |
| Stone soling | 88.8 | 1000 |
| PCC 1:3:6 Bed | 29.6 | 500 |
| PCC 1:2:4 Bed | 155.2 | 500 |

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **सभा हल निर्माण**<br>कूल लागत अनुमान रु. ७७,०७,४७९।– (भ्याट सहित) गाउँसभा हल निर्माणको कार्यालयले मू.अ.कर बाहेक रु. ६८,३७,३८४।– मा ठेक्का व्यवस्थापन गर्न सूचना आव्हान भएकोमा सवै भन्दा कम कवोल गर्ने खड्का निर्माण सेवाको कवोल अंक रु.४१,६२,२५८।– मा मिति २०७८।३।२५ मा सम्पन्न गर्ने गरी २०७७।१२।२७ मा सम्झौता भएको थियो । उक्त योजनाको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः | |
| ४८.१ | | | वीमा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट गरेका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा गरेको छैन। सभाहल निर्माण कार्यको विल अफ क्वाण्टिटिमा बिमा राखे पनि बिमा गराएको छैन । निर्माण कार्यको जोखीम न्युनिकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ । | |
| ४८.२ | | | **कार्यस्वीकार प्रतिवेदन**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा उपनियम २ बमोजिम खरिद सम्झौता, सम्पन्न भएको निर्माण कार्य, निर्माण सम्पन्न मिति, सम्पन्न निर्माण कार्यको कार्य स्वीकार मिति समेत खुलाई कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले सभाहल निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार नगरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरेको छ । नियमावलीको व्यवस्था बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| ४८.३ | | | घटीको कार्यसम्पन्न – सार्वजनिक खरिद नियमावली २०६४ का नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।निर्माण व्यवसायीले कार्यसम्पन्न भएको भनि अन्तिम भुक्तानीको लागि माग गरेकोमा प्रविधिकले नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी भौ नं ५-२०७८।२।१८ बाट रु १३८१९९५।– र भौ नं १५-२०७८।३।३० बाट रु ८३७५६०।– समेत रु.२२१९५५५। भुक्तानी गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार झ्याल ढोका, प्लाष्टर कार्य, मार्वल कार्य टायल कार्य तथा रंगरोगनको कार्य समेत नभएको अवस्थामा कार्य नहुनुको उचित कारण समेत उल्लेख नगरी ५३.३३ प्रतिशत मात्र कार्य भएकोमा निर्माण सम्पन्न प्रतिवेदन जारी गरेको छ ।निर्माण व्यवसायीसंग भएको सम्झौतामा उल्लेखित पुरै परिमाणको कार्य भएपछि मात्र कार्यसम्पन्न प्रतिवेदन जारी गरिनु पर्दछ। | |
| ४८.४ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । कार्यालयले सभाहल निर्माण कार्यमा नापिमा उल्लेखित परिमाणमा भन्दा बढी परिमाणमा भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.२०४००। निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु. | २०,४०० |

| विवरण | नापि परिमाण | विल परिमाण | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|
| Earthwork in excavation in trench | ११५.११ | १४५.११ | ३० | १०० | ३००० |
| Providin and laying machine mixed rcc work 1:2:4 | ५.१६ | २६.९१ | २१.७५ | ८०० | १७४०० |
| जम्मा | | | | | २०४०० |

| | | | | |
|---|---|---|---|---|
| ४८.५ | | | | |
| ४९ | | | **आय ठेक्का**<br>कार्यालयको आय ठेक्का सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ४९.१ | | | **क) ठेक्का व्यवस्थापन** - व्यवस्था पचहिया देखि महादेवा सम्म घाटको आईई प्रतिवेदन अनुसार ६८१२४.५३ घमी उत्खनन गरी विक्रि वितरण गर्ने मिल्ने र राष्ट्रपति चुरे संरक्षण समितिको स्वीकृतीको आधारमा कार्यालयले ४०१४६.१५ घमी उत्खनन तथा विक्रि वितरण गर्न मिति २०७७।८।२१ मा विद्युतिय वोलपत्र गरेकोमा २ वोलपत्रदाताले वोलपत्र पेश गरेकोमा सवै भन्दा बढी कवोल गर्ने एआर एम कन्स्ट्रक्सनले कवोल गरेको रु १६०५८४६०। मा मिमित २०७७।१०।६ मा सत् प्रतिशत रकम जम्मा गरी सम्झौता गर्न आउने गरी पत्राचार गरेको देखियो । कवोलकर्ताले घरायसी कारण तोकिएको अवधि भित्र सम्झौता गर्न आउन नसकेकोले थप १५ दिनको म्याद मिति २०७७।१०।२१ मा निवेदन दिएकोमा सो निवेदन उपर कारवाही नगरी कार्यपालिकाको मिति २०७७।१०।२८ को निर्णय अनुसार निजले राखेको जमानत रु १० लाख जफत गरी दोस्रो घटी कवोल गर्ने बज्रगुरु कन्स्ट्रक्सनसंग २०७७।११।१८ मा सम्झौता गरेको पाईयो । बढी कवोल कर्ताको निवेदन उपर कारवाही नगरी निजले राखेको जमानत जफत गरी दोस्रो घटीवालासंग सम्झौता गरेको देखिएकोले पालिकालाई रु ४४१६०७७।– आय नोक्सानी भएको छ ।<br>**ख) दाखिला समय र जरिवाना** - नदीजन्य पदार्थको आय ठेक्का सम्झौता अनुसार सम्झौतामा उल्लेखित अवधि भित्रै कवोल कर्ताले गाउँ पालिकामा दाखिला गर्नु पर्दछ । यसवर्ष व्यवस्थापन गरेको नदिजन्य पदार्थको उत्खनन तथा विक्रि ठेक्काको सम्झौता गर्दा ५० प्रतिशत, २५ प्रतिशत चैत्र मसान्त भित्र र थप वाँकी २५ प्रतिशत बैसाख मसान्त भित्र बुझाउने गरी सम्झौता गरेकोमा अधिकाँश कवोल कर्ताले सम्झौतामा उल्लेखित अविध भित्र दाखिला गरेको छैन ।ठेक्का सम्झौतामा किस्ता ढिला बुझाएमा थप जरिवाना लाग्ने व्यवस्था नगरेकोले व्यवसायीहरुवाट जरिवाना असूल समेत गरेको छैन ।अत: आय ठेकको सम्झौता गर्दा तोकिएको समयमा राजश्व नवुझाएमा लाग्ने जरिवाना समेत शर्तको रुपमा सम्झौतामा राखी सुधार गरिनु पर्दछ । | |
| ४९.२ | | | **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना** – लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी | |

<table>
<tr><td></td><td></td><td></td><td>कार्ययोजना बनाउनु पर्ने उल्लेख छ । कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु. ६१६०३१०९।– आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.३</td><td></td><td></td><td>परिमाण नियन्त्रण – प्राकृतिक स्रोतको आय ठेक्काको हकमा ठेक्का अवधिमा दोहन गर्न पाइने परिमाणगत हदको नियन्त्रण विधि नअपनाएको, उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खुल्ने विवरण स्थानीय तहले राख्ने नगरेको एवं ठेकेदारले कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने रसिदको अर्धकट्टी कार्यालयमा फिर्ता समेत नगरेको हुँदा बर्षभरिमा उठाएको ढुङ्गा, गिट्टी, बालुवाको जम्मा परिमाण र सो वापत ठेकेदारले असुल गरेको कर रकम एकिन हुन सकेन । यसबाट सम्झौतामा तोकिएको क्षेत्रबाट तोकिएको दरमा मात्र ठेकेदारले शुल्क उठाएको सम्बन्धमा विश्वस्त हुन सकिएन । यस प्रकारको ठेक्का बन्दोवस्तले अनियन्त्रित रुपमा प्राकृतिक श्रोत साधनको दोहन हुने तर ती श्रोत साधनको दोहनबाट स्थानीय निकायले प्राप्त गर्न सक्ने यथार्थ आम्दानी यकिन हुँदैन । ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा मात्र घाटगद्दी गर्ने, सम्बन्धित निकायले नापजाँच नगरी ती बस्तुहरु लैजान नपाउने ब्यबस्था गर्ने र ती सामानहरुको बजार मूल्यभन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेको देखियो । यसरी बजार मूल्य अनुसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउँदा निश्चित परिमाण क्षेत्र तोकी सोको कडा अनुगमन गर्न आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोवस्त गर्नेतर्फ ध्यान जानुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४९.४</td><td></td><td></td><td>असूल हुन वाँकी रकम - नदीजन्य पदार्थको आय ठेक्का सम्झौता अनुसार सम्झौतामा उल्लेखित अवधि भित्रै कवोल कर्ताले गाउँ पालिकामा दाखिला गर्नु पर्दछ । यसवर्ष व्यवस्थापन गरेको नदिजन्य पदार्थको उत्खनन तथा विक्रि ठेक्का मध्ये निम्न ठेक्कामा निर्माण व्यवसायीले कवोल गरेको रकम लेखापरीक्षण अवधि २०७८ चैत्र २० सम्म पनि नबुझाई बक्यौता रहेकोले निम्नानुसार व्यवसायीवाट सम्झौताको शर्त अनुसार असूल हुनुपर्ने रु
<table>
<tr><th>ठे नं</th><th>नदी घाटको नाम</th><th>कवोल कर्ता</th><th>कवोल रकम</th><th>दाखिला गरेको रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>२- ०७७।७८</td><td>राप्ती रनसिङ दोभान देखि मलमला सम्मको घाट</td><td>एच एम विल्डर्स कपिलवस्तु</td><td>१५९२६४००</td><td>१०४८९५५०</td><td>५४३६८५०</td></tr>
<tr><td>०४-०७७।७८</td><td>माथिल्लो बडहरा देखि तल्लो बडहरा सम्मको घाट</td><td>जलजला निर्माण सेवा बुद्धनगर काठमाण्डौ</td><td>१२९५५६००</td><td>६४७७८००</td><td>६४७७८००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>११९१४६५०</td></tr>
</table></td><td>११,९१४,६५०</td></tr>
<tr><td>४९.५</td><td></td><td></td><td>मू अ कर शिर्षक- मूल्य अभबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबद्धि कर लाग्ने बस्तु विक्रिमा मूल्य अभिबृद्धि कर लागाउनु पर्ने व्यवस्था रहेको छ । ऐन अनुसार विज्ञापन करको आय र नदीजन्य पदार्थ ( ढुङ्गा गिट्टि वालुवा आदी ) उत्खनन संकलन तथा विक्रि वितरण गर्ने कार्यको ठेक्का बन्दोवस्त गर्न यस कार्यालय र सेवा प्रदायक संस्थाहरु संग भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मूल्य अभिबृद्धि कर तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित एन अनुसार बुझाउनु पर्ने अन्य कर दस्तुर सवै सेवा प्रदायकले कार्यालय र सम्बन्धित राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरेको छ ।</td><td>९,२४९,४३८</td></tr>
</table>

तर आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असूल गरी कार्यालयले स्थानीय तहकै नामवाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखाल गर्नुपर्ने मूल्य अभिबृद्धि कर रु ९२४९४३८। निर्माण व्यवसायीले आफ्नै नामवाट दाखिला गरेको पाईयो । मू अ कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट गर्ने संकलन गरी दिखला गर्ने राजश्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा सम्बन्धित व्यवसायीले आफ्नै नामवाट व्यवसायीको मोवाईल नं तथा मू अकर नं उल्लेख गरी राजश्व शिर्षक नं ३३३१४ मा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुने गएको देखियो । कार्यालय वाट प्राप्त विवरण अनुसार निम्न व्यवसायिले दाखिला गरेको मू अ कर पालिकाको नामबाट भएको देखिने राजश्व शिर्षक नं ३३३१७ मा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु

| ठे नं | नदी घाटको नाम | ठेकेदारको नाम | कवोल अंक | मू अ कर रकम |
|---|---|---|---|---|
| ६-०७७।७८ | पचहिया देखि महादेवा सम्मको घाट | बज्रगुरु कन्स्ट्रक्सन | ११६४२३८२ | १५१३५१० |
| ४-०७७।७८ | माथिल्लो बडहरा देखि तल्लो बडहरा | जलजला निर्माण सेवा | १२९५५६०० | १६८४२२८ |
| २-०७७।७८ | रनसिङ दोभान देखि मलमला घाट | एच एम विल्डर्स | १५९२६४०० | २०७०४३२ |
| ३-०७७।७८ | मलमला घाट देखि बनघस्री घाट | के आर के कन्स्ट्रक्सन | ११४४०००० | १४८७२०० |
| १३-०७७।७८ | झारवैरा घाट | एम एण्ड एम विल्डर्स | ५८४९९१२ | ७६०४८८ |
| १०-०७७।७८ | धरमपुर क घाट | जयमाँ स्वर्गद्वारी | ४०८५३७५ | ५३१०९९ |
| ११-०७७।७८ | धरमपुर ख घाट | एम एण्ड एम विल्डर्स | ९२४९८५६ | १२०२४८१ |
| जम्मा | | | ७११४९५२५ | ९२४९४३८ |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **सटर भाडा** | |
| ५०.१ | | | आफ्नो नाममा रहेको भवन भाडामा लिनु वा दिनुपर्दा सम्झौता गरिनु पर्दछ।पालिकाले पसलकवल सामग्रीहरु खरिद विक्रि का लागी विभिन्न १२ वटा सटर भाडामा लगाएको देखियो।विभिन्न १२ जना व्यक्तिवाट मासिक रु ८००० का दरले भाडा लगाएकोमा सम्झौता पेश गरेको छैन। सम्झौता बेगर भाडामा लगाउने पदाधिकारीलाई जिम्मेवार बनाई यस बर्ष भाडा बापत हुने रु. ११५२०००। दाखिला गरेको नदेखीएकोले हर्जना समेत उक्त रकम दाखिला गर्नुपर्ने रु | १,१५२,००० |
| ५०.२ | | | विगत २०७५ सालदेखिको उठन वाकि रकमको अभिलेख रजिष्टर सम्म राखेको देखियो तर कुन कुन महिनामा कति जनाको रकम उठाउन वांकी रहेको छ सो को लगत अध्यावधिक गरेको छैन। लगत अध्यावधिक नगरी राखेकोले गतविगत वर्षदेखि हालसम्मको के कति रकम आम्दानी उठनु पर्नेहो कार्यालयले यकिन गरी दाखिला गर्न लगाउनु पर्दछ। | |
| ५१ | | | **नगदी रसिद** | |

| | | | | |
|---|---|---|---|---|
| | | | नगदि रसिद नियन्त्रण खाता परीक्षण गर्दा गत वर्षमा के कति प्रयोग भयो के कति वांकी रहेको छ कुनकुन वडालाइ के कति वुझाइएको छ सो को अभिलेख राखेको देखिएन।रसिद नियन्त्रण खाता प्रमाणित गरी राख्ने गरेको देखिएन।वडागत पठाइएको विवरण रवर्षभरवडाकार्यालयवाट प्रयोग गरेको र वांकीको विवरण उपलव्ध हुन नसकेकाले यकिन गर्न सक्ने अवस्था रहेन यस सम्वन्धमा कार्यालयको ध्यानजान जरुरी छ। | |
| ५२ | 161 | २०७८-३-२५ | **अग्रिम करकट्टी**<br>आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतका दरले अग्रिमकर कट्टिगर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले स्टिकर छपाइ गरी रु ७४०००।मल्टि सर्भिस प्वाइन्टलाइ भुक्तानी गरेकोमा रु ११०००।कट्टि गर्नुपर्नेमा रु १११० मात्र कट्टि गरेकाले नपुग कर रकम रु. ९९९०। दाखिला गर्नुपर्ने देखिएको रु | ९,९९० |
| ५३ | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ६ करोड ८२ लाख १३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५१ करोड ५४ लाख १८ हजार समेत रु. ५८ करोड ३६ लाख ३१ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३५ करोड ११ लाख २९ हजार र पूँजिगत तर्फ रु. २१ करोड ४५ लाख ५० हजार समेत रु ५६ करोड ५६ लाख ७९ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.०६ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. लाख ९९ हजार खर्च भएको छ । जुन आन्तरिक आयको ४९.२२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.९८ प्रतिशत चालु र ४३.०२ प्रतिशत पूँजिगतमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |
| ५४ | | | **चौमासिक खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले पालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा पूँजिगत खर्चमा रु.२१ करोड ४५ लाख ५० हजार मध्ये तेश्रो चौमासिकमा रु.१० करोड ८२ लाख ४१ हजार (५०.४५%) र आषाढ महिनामा रु.८ करोड ५३ लाख १९ हजार (३९.७६%) खर्च गरेको विवरण पेश भएको छ। आर्थिक बर्षको अन्त्यमा मात्र अधिक कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनुपर्दछ। | |
| ५५ | | | **शिर्षक फरक पारी खर्च**<br>महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ वमोजिम विनियोजित वजेट सम्वन्धित खर्च शिर्षक अन्तरगत रहि खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले सो विपरित निम्नखर्च फरक शिर्षक तथा फरक खर्च खातावाट खर्च लेखेको रकम नियम सम्मत देखिएन। | |
| ५६ | 146 | २०७८-३-२३ | **लघु उद्यम तालिम**<br>पालिकामा संचालन हुने उध्यम विकास कार्यक्रमका लागी वडान १ देखि ८ सम्म कै वडामा तरकारी पशुपालन सिलाइ कटाइ वुटिक च्याउखेति लगायतका विभिन्न तालिम सन्चालन गर्नका लागी उध्यम तथा सामाजिक विकास मंच संग सम्झौता गरी रु १५७५२७९ भुक्तानी भएको छ ।पालिकाको वैठकले सवैवडाका उध्यमीलाइ समावेश गर्ने गरी तालिम दिने निर्णय गरेकोमा उक्त तालिम कार्यक्रम वडा न ६ र ७ का लाइ मात्र समावेश गरी अन्यवडाका उध्यमीहरुलाइ सो तालिम कार्यक्रम वाट वन्चित भएको अवस्था देखिएको छ। | |

| भौन।मिति | विवरण | लेख्नुपर्ने खर्च | लेखेको खर्च | भुक्तानी |
|---|---|---|---|---|
| ११५।२०७८।३।१७ | व्याट्री १५० एम्पियर | पुंजिगत | चालु | ३००००। |

| | | | | |
|---|---|---|---|---|
| ५७ | 117 | २०७८-३-१७ | **डाटा डिजिटाइजेशन**<br>कार्यालयले व्यक्तिगत घटना दर्ता किताव डिजिटाइजेशन २२००० वटा गर्नका लागी रु ४१४२५८ डिजी इन्जि सोलुसनलाइ भुक्तानी गरेकोमा मिती २०७७।९।१६मा सम्झौता गरेकोमा कार्यदिश अनुसार उक्तकार्य २०७७ माघ मसान्त सम्ममा सक्नुपर्नेमा आषाढ महिनामा विल पेश गरी भुक्तानी लिएको छ ।सो कार्यको प्रगती प्रतिवेदन पेश नगरिनु तथा सम्झौता अनुसार सम्पन्न नगरेकोले यसरी भुक्तानी हुन गएको रकम नियमित नदेखिएको रु. | ४१४,२५८ |
| ५८ | | | **लक्ष्य प्रगति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ। | |
| ५९ | | | **ठेक्का बन्दोबस्त**<br>**ठेक्का बन्दोबस्त** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम (७) कार्यालयले बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र तयार गर्ने जस्ता कार्यहरु प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । यस बर्ष भएका ठेक्काहरुको विवरण माग भएकोमा सोको विवरण पेश भएन। कार्यालयले बजेट शिर्षक अनुसारको ठेक्का लगत राखी नियमावली अनुसार तोकिएको अवधिमा ठेक्काबन्दोबस्त तथा स्वीकृती समेतका कार्यहरु गर्नुपर्दछ।<br>**अद्यावधिक बिबरण** - कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। अन्य फारामहरुको अतिरिक्त पूर्वाधार विकास सम्बन्धि काम गर्ने कार्यालयहरुले ठेक्का सम्बन्धि विवरण म.ले.प.फा.नं. ५०७ अद्यावधिक राख्नुपर्दछ । कार्यालयले स्वीकृत ढाँचामा विवरण राखेको छैन । लेखापरीक्षणको क्रममा ठेक्कासँग सम्बन्धित आवश्यक सूचना प्राप्त गर्ने प्रयोजनको लागि फाराम उपलव्ध गराएकोमा उक्त फाराम पूर्ण रुपमा भरी उपलव्ध नगराएकोले सञ्चालित ठेक्काहरुको भेरियसन स्वीकृती, म्याद थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजन सम्बन्धि विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचामा विवरण अद्यावधिक राख्न कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ६० | | | **पूँजीगतवाट चालु खर्च**<br>स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७ मा कार्यपालकाले सभावाट स्वीकृत सीमा र बजेट बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गरी गाउँपालिका पूँजिगत शिर्षको १९ वटा भौचरबाट रु ९९९७९०। आर्थिक सहायता, प्रशासनिक खर्च आमा सुरक्षा यातायात खर्च शोधभर्ना बेरोजगार डाटा ईन्ट्रि भत्ता लगायत चालु प्रकृतिको खर्च शिर्षकमा खर्च लेखेकोले नियम सम्म्त नदेखिएको रु | ९९९,७९० |
| ६१ | | | **गतवर्षको बचत रकमवाट खर्च**<br>योजना तर्जुमाका बिभिन्न चरणहरु पुरा गरी सभाले पारित गरेको बजेट जुन वर्ष र कार्यक्रममा विनियोजन गरिएको हो सोही बर्ष कार्यान्वयन गरिनु पर्दछ । गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ मा पारित गरेको बजेट र कार्यक्रम कार्यान्वयन नगरी आ ब २०७७।७८ मा खर्च गरेको पाईयो । प्राप्त भुक्तानी दिनको कच्चावारी विवरण अनुसार गत वर्ष कार्यान्वयन नगरी २०७७।७८ मा योजना अ ल्या गरी १६६ योजना बर्षै भरी कार्यान्वयन गरी रु ७४९६०२७०। खर्च गरेको देखियो । संचालित योजनाहरु बहुबर्षीय योजना नभएको र अधिकाँश योजना रु ५ लाख मुनिका रहेकोले जुन आ. व. को लागि योजना छनौट गरी बजेट विनियोजन गरेको हो सोही बर्षमा कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ६२ | | | **मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम** | ७२९,४८३ |

| | | | | |
|---|---|---|---|---|
| | | | मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सिफारीश तथा कार्यान्वयन समितिको मिति २०७७।१०।६ को सिफारिस तथा मिति २०७६।१०।७ को जिल्ला समन्वय समितिको निर्णय अनुसार कार्यक्रममा प्राप्त रकम मध्ये विपन्न ५ घर परिवारको लागत सहभागितमा आवास निर्माण गर्न रु ५०००००। लागत विनियोजन भएकोमा विनियोजनि बजेटबाट २०७६।७७ मा कार्यक्रम कार्यान्वयन नगरी २०७७। ७८ मा गतवर्षको कार्यक्रम संचालन गरे भनी निम्नानुसारका व्यक्तिलाई सिमेन्ट जिआई जस्तापाता पिसिसि व्लक लगायतका सामान खरिद गर्न रकम उपलब्ध गराएकोमा समितिले तोके भन्दा बढी रकम दिएको र दिएको रकम बाट भएको कामको प्राविधिक मूल्यॉंकन समेत भएको छैन । निर्णय भन्दा बढी खर्च लेखेको उचित नदेखिनुका साथै कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु<br><br>भौ नं मिति \| रकम प्राप्त गर्नेको नाम \| भुक्तानी रकम<br>२४६-०७७।११।१८ \| मैनुदिन जागा मुसलमान \| १४८०२५<br>२४७-०७७।११।१८ \| मोमिना नाउ \| १४८३२५<br>२४८-०७७।११।१८ \| माँया चौधरी \| १४३६७३<br>२४९-०७७।११।१८ \| आशाराम चौधरी \| १४११३५<br>२५०-०७७।११।१८ \| राकेश नेपाली \| १४८३२५<br>जम्मा \| \| ७२९४८३ | |
| ६३ | | | **अन्य कार्यालय खर्च**<br>कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सीमा भित्र रही खर्च गर्नुपर्दछ । यसवर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि देहाय कार्य गरेको देखाई गाउँपालिका पूँजीशत शिर्षकवाट रु २०६७२६५। खर्च लेखेको छ । ति निकायहरुका तालुक निकायले सोही कार्यको लागि रकम दिए निदएको यकिन समेत नगरी भुक्तानी दिंदा एउटै कामको लागि दोहरो खर्च समेत हुन सक्ने देखिन्छ । आफ्नो नियमन निकाय भित्र नपरको कार्यालयको काम भएको भनी भुक्तानी दिएको उचित नदेखिएको रु. | २,०६७,२६५ |

| भौ नं मिति | कार्यालय र प्रयोजन | लागत अनुमान | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २२२-०७७।११।७ | ईलाका प्रहरी कार्यालय गढवा कम्पाउण्ड वाल | ५८३८१२ | ५८३८१२ | ५००००० |
| ३०४-०७८।१।१२ | सशस्त्र प्रहरी वल खवरी नाकामा चेकपोष्ट निर्माण | ५७५४६१ | ५७५४६१ | ५००००० |
| ३२२-०७८।२।१८ | ईलाका प्रहरी कार्यालय गढवा प्रहरी पोष्ट | १७२९६७ | १७२९६७ | १५०००० |
| ३५९-०७८।३।१३ | जिल्ला प्रहरी कार्यालयमा डिप बोरिङ |  |  | ९५६६५ |
| ३६१-०७८।३।१४ | गढवा बहुमुखी क्याम्पसमा कम्प्यूटर तथा फर्निचर खरिद |  |  | १००००० |
| ३६३-०७८।३।१५ | सशस्त्र प्रहरी वल मुसिनाका चेकपोष्ट निर्माण | ६९३७२४ | ६९५८६६ | ६००००० |
| ५०८-०७८।३।३१ | ईलाका प्रही कार्यालय गढवा चौचारी निर्माण | ३२६६५४ | ३२६६५४ | १३०६०० |
|  | जम्मा |  |  | २०६७२६५ |

| | | | | |
|---|---|---|---|---|
| ६४ |  |  | **शुन्य बजेट खर्च**<br>स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा २४ मा योजना बनाई कार्यान्वियन गर्ने सम्बन्धी व्यवस्था छ । आ व २०७७।७८ मा चालु तथा पँजीगत तर्फ रु ६६०७५१६८१।५८ खर्च गर्ने गरी विभिन्न योजना तथा कार्यक्रमहरु तय गरेकोमा प्राप्त विवरण अनुसार पँजीगत तर्फ११५ योजनामा विनियोजन भएको रु ५३७९२२६०। र चालु तर्फ ८८ कार्यक्रममा विनियोजन भएको रु २३३१२२९३। कार्यक्रम कार्यान्वियन नभई शुन्य वजेट खर्च भएको देखियो । सभाले स्वीकृत गरेको कार्यक्रमहरु कार्यान्वियन गरिनु पर्दछ । |  |
| ६५ | 120 | २०७७-७-१८ | **कोटरी डिप वोरिङ**<br>संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको बर्गिकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ को दफा १२ क्षेत्रगत आधारहरु खण्ड घ अनुसार भूमिगत जलश्रोत अन्तर्गत मेशीन ड्रिल ट्यूववेल सिन्चाई योजनाहरु निर्माण मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्यहरु प्रदेश तहबाट संचालन हुने उल्लेख भएको तथा स्थानीयको अधिकारमा डिप ट्युववेल गर्ने नदेखिएकोले स्थानीय तहवाट जलश्रोतको डिप ट्युववेलका कार्यहरु स्थानीय तहवाट गर्न मिल्ने देखिंदैन । साथै उक्त कार्य प्राविधिक पक्ष बढी रहेको तथा खानेपानी डिप ट्युववेल जडान गर्ने कार्यमा हेभी (रिङ) मेशिन चाहिने जटिल प्रकृतिको हुन्छ।उपभोक्ता समितिहरुसंग त्यस प्रकारको महंगो मेशिन उपलव्ध पनि नभएक तथा उक्त मेशिन प्रयोग गर्न कार्यालयको सहमति लिएको समेत देखिदैन । कार्यालयले आव २०७६।७७ मा गढवा २ कोटरी डिप वोरिङको लागि रु १४९३१०८। को लागत अनुमान तयार गरी नेपाल तराई निर्माण तथा डिप ट्युववेल प्रालि संग काम गराई भौ नं १२०-२०७७।७।१८ बाट रु १११०२२५। भुक्तानी गरेको देखियो । स्थानीय तहको अधिकार क्षेत्र बाहिरको कार्य भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | १,११०,२२५ |
| ६६ |  |  | **बितरणमुखी कार्य**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वियन गर्नुपर्दछ । कार्यालयले व्यक्ति तथा समूहलाई फाईदा पुग्ने गरी उपभोक्ता स्वयं वा उपभोक्ता समिति मार्फत खरिद गरी ह्याण्ड पम्म सिंचाईको लागि मोटर स्यालो ट्युववेल लगायतका सामग्री वितरण | ४,८५९,६५० |

गरेको देखिन्छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्नु पर्नेमा सो वेगर दामासाही सामग्री वितरण गरेको, वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको, वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई खर्च लेखेको छ। यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा व्यहोरा उल्लेख गरेपनि स्थिति यथावत छ । वितरण गरिने सामग्री व्यक्ती तथा उपभोक्ता समिति मार्फत खरिद गरि वितरण गरेको नियमसम्मत नदेखिएको रु

| भौ.नं. मिति | सहयोगको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| २३२ देखि २४४ सम्म मिति २-०७७।११।१६ | हेण्ड पम्म | ३९३२५० | बिभिन्न १३ व्यक्ती स्वयंले खरिद गरी विल पेश गरेको आधारमा भुक्तानी |
| ८-०७७।५।१ | स्यालो ट्युववेल १ थान | ५५००० | कनैयालाल चौधरीको खेतमा |
| ९-०७७।५।१ | स्यालो ट्युववेल १ थान | ६०००० | मोहमद सईफ मतिहाको खेतमा |
| १०-०७७।५।१ | स्यालो ट्युववेल १ थान | ६५००० | प्रदिप विक को खेतमा |
| १७-०७७।५।२ | ह्याण्ड पम्प खरिद ५५ थान | ४००००० | भरपाईको आधारमा वितरण नापी जडान नदेखिएको |
| २४-०७७।५।२ | ह्याण्ड पम्प खरिद ४ वटा वडा नं ७ | ७०६५५ | भरपाईको आधारमा वितरण नापी जडान नदेखिएको |
| ३१-०७७।५।२ | खानेपानी मोटर १ | ३०००० | बडहरा खा पा उस वाट खरिद |
| ६२-०७७।५।३१ | खानेपानी मोटर तथा हेण्ड पम्प २३ वटा | ३२०००० | सिंचाई मोटर खरिद उस बाट खरिद |
| ६४-०७७।६।२ | सिंचाईको लागि मोटर २३ थान | ६००००० | सिंचाई तथा स्यालो ट्युववेल विस्तार उपभोक्ता समितिबाट खरिद |
| १४३-०७७।७।१३ | स्यालो ट्युववेल मोटर पम्प ३५ वटा | १०००००० | सिंचाई मोटर खरिद उस बाट खरिद |
| १८९-०७७।१०।७ | गढवा ७ का विभिन्न टोलमा २ एच पि मोटर ४३ वटा | ११५०००० | सिंचाई मोटर खरिद उस बाट खरिद |
| २५२-०७७।११।१८ | वडा नं ३ सामुहिक सिंचाई | १५०००० | हरियाली डिप ट्युवेल समितिवाट समरसिवल पम्म मात्र खरिद |
| ३२०-०७८।१।६ | वडा नं ४ सिंचाई मोटर खरिद | ५००००० | सिंचाईको लागि मोटर खरिद उस |
| ४३१-०७८।३।२४ | मोटर खरिद ११ वटा | ४४९९९५ | सिंचाई मोटर जडान उस |
| जम्मा | | ४८५९६५० | |

६७ **भाडा कर** ५१७,८०७

| | | | | |
|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११११३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । जस अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर बापत गाउँपालिका कोष पूँजीगत, स्थानीय पूर्वाधार साझेदारी, गाउँपालिका चालु लगायत शिर्षकमा २०७७।४।१ देखि २०७८।३।३० सम्म कट्टा गरेको रु.५,१७,८०७।- गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु. | |
| ६८ | | | **सुरक्षित आवास**<br>सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनौटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र बित्तिय प्रवन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । कार्यालयले सुरक्षित नागरीक आवास समन्वय समितिले लाभग्राही छनौट र सिफारिश गरेको नामावलीको आधारमा जस्तापाता काठ उपलव्ध गराउन ३४३ जना लाभग्राहीहरुको खातामा जनही रु. १२५००।– का दरले भौ.नं. १५–२०७८।३।२५ मा रु.४१,६५,०००।– र भौ नं २२-२०७८।३।३० बाट रु. ३६,२५०।– समेत रु ४२०१७५०।पेश्की खर्च लेखेको देखियो । पेश्की दिंदा लाभग्राही छनौटको आधार, लागत अनुमान, सम्झौता र अन्य निकायवाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। दिएको रकमवाट भए गरेको कामको प्राविधिक मूल्याँकन गरेर मात्र थप भुक्तानी दिईनु पर्दछ । | |
| ६९ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७(4) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ ।कार्यालयले आ व २०७५।७६ मा नेक्सट कन्सल्टेन्टलाई गाउँपालिकाको डिपिआर तयारीको लागि रु १३४९९३२। पेश्की उपलव्ध गराएकोमा पेश्की जमानत नराखेको, सम्झौताको अवधि समाप्तभै सकेको, सम्झौता अनुरुप कार्य गरी प्रतिवेदन पेश नगरेकोले नियम ५१(१) बमोजिम बार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असूल गर्नुपर्दछ । | |
| ७० | | | **पेश्की बाँकी**<br>**क) मोविलाइजेशन पेश्की** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले अग्नी इन्कर्पोरेटेड प्रा.लीलाई रु.१०७९७५५।– मोविलाइजेशन पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेको छैन । तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।<br>**ख) संस्थागत पेश्की**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न विद्यालयहरु र सुरक्षित आवास कार्यक्रममा गएको पेश्की फछ्यौट हुनुपर्ने रु. | १६,५०१,७५० |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्तीको नाम | चालु आ. व. |
|---|---|---|---|
| १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | आदर्श रात्री नि.मा.वि. गोबरडिहा | १८००००० |
| २ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | उ.मा.वि. चयनपुर देउखुरी गढवा | १८००००० |
| ३ | विद्यालय भौतिक पुर्वाधार निर्माण | जनता उ.मा.वि. कालाकाटे | ७३१००० |
| ४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | जनता उ.मा.वि. कालाकाटे | २९००० |
| ५ | विद्यालय भौतिक पुर्वाधार निर्माण | जनता उ.मा.वि. कालाकाटे | ७६९००० |
| ६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | जनता उ.मा.वि. कालाकाटे | १७७१००० |
| ७ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | जनमुखी नि.मा.वि. रङसिङ | १८००००० |
| ८ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा | १३३०००० |
| ९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा | ४७०००० |
| १० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | सरस्वती नि.मा.वि. चन्दनपुर गढवा | १८००००० |
| ११ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुरक्षित आवासका लाभग्राही घरपरिवारहरु | ४२०१७५० |
| जम्मा | | | १६५०१७५० |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **खर्चको विल भर्पाइ**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ( ५ ) वमोजिम खर्च लेख्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसारको निकासा दिइ खर्च लेखेकोमा सो खर्चलाइ पुष्टाइ गर्ने प्रमाण कागज पेशहुन नआएको ले सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु | १,७०३,३३० |

| भौन।मिती | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४५।२०७७।११।१० | धार्मिक विध्यालयहरुलाइ अनुदान | ८०३३३० |
| १७३।२०७८।३।३० | शौचालय निर्माण | ९००००० |

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **ढकिया बुनाई तालिम** | |

| | | | | |
|---|---|---|---|---|
| ७२.१ | 51 | २०७७-११-२८ | मिती २०७७।९।२३ देखि १०।२५गते सम्म संचालित गाउपालिका स्तरीय ढकिया वुनाइ ३३ जना सहभागीभइ तालिम सन्चालन भएकोमा निम्न व्यहोरा देखिएका छन। कार्यक्रम खर्चको लागत अनुमान तयार समेत नगरी सञ्चालन गरेको छ। मिती २०७७ मंसिर १५ को निर्णय अनुसार सवैवडाका महिलाहरुको सहभागिता रहने गरी उल्लेख भएकोमा ६ वटा वडाका महिलाहरुको उपस्थिती रहेकाले अन्यवडाका महिला हरुले सिपमुलक कार्यक्रम वाट वन्चित भएको अवस्था देखिएकोले निर्णयअनुसार कार्यको पालना गरिनुपर्दछ। तालिम कार्यक्रममा सहभागी सवै श्रृजनामहिला समुह संग आवद्ध रहे नरहेको यकिन गर्ने आधार भएन । उक्तकार्यक्रममा अनुगमन भत्ता समेत रु १५०००।खर्चलेखि भुक्तानी भएकोले सो पाउने आधार पेश गर्ने अन्यथा उक्त रकम दाखिला गर्नु पर्ने देखिएको रु | १५,००० |
| ७२.२ | | | एउटै मिती २०७७।११।११ को विल राखी लालीगुरांस होटललाइ रु १४८५०० भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार रु १५ प्रतिशतका दरले हुने रु २२२७५ दाखिला गर्नुपर्ने देखिएको रु | २२,२७५ |
| ७३ | | | **नीति तथा कार्यक्रमको कार्यान्वयन**<br>पालिकाले बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधान, पन्ध्रौ योजना, योजना आयोगको मार्गदर्शन, दिगो विकासका लक्ष्य तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीति तथा निर्देशन अनुरुप तर्जुमा गर्नुपर्दछ। पालिकाले आ.ब २०७७/७८ का लागि तय गरेका बार्षिक नीति कार्यक्रमहरु परिक्षण गर्दा निम्न नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरेको देखिएन। कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमहरु मात्र बार्षिक कार्यक्रमहरुमा समावेश गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।<br>• गाउँपालिकास्तरिय कृषि उपज संकलन केन्द्रको स्थापना,<br>• शितभण्डारको व्यवस्था,<br>• पशु हाट बजार सञ्चालन,<br>• स्वास्थ्य घर तथा स्वास्थ्य गाउँ कार्यक्रम सञ्चालन,<br>• गाउँपालिका भित्र रहेका सबैखाले व्यवसायलाई करको दायरामा ल्याउने,<br>• प्रत्येक बर्ष कार्यविधि बनाई सेवाग्राही सन्तुष्टी मापन गर्ने,<br>• सबै क्षेत्रमा ट्युवेलको पानी परिक्षण गर्ने,<br>• भु-उपयोग योजना मार्फत व्यवस्थित र सुन्दर बस्ती निर्माण नीति ल्याउने,<br>• होमस्टे सहित नमूना गाउँको रुपमा विकासका लागि पर्यटन पूर्वाधार विकास,<br>• सबै विद्यालयहरु नेपाल सरकारको शिक्षा नियमावली अनुरुप सञ्चालन गर्ने (गोवरडिहा, गढवा ३ मा रात्री आ.मा.वि हालसम्म पनी बाह्रै महिना विहानी सत्रमा सञ्चालन,<br>• व्यापारीहरुलाइ जनचेतना बढाउन कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने र<br>• निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी लगानी गर्ने बाताबरण बनाउने । | |
| ७४ | | | **आन्तरिक लेखापरीक्षण** | |

| | | | | |
|---|---|---|---|---|
| | | | आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा गठन भई आन्तरिक लेखापरिक्षक पदपुर्ति भएता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन। चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्नुपर्दछ।आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्; | |
| ७४.१ | | | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने उल्लेख छ। निम्न वडा कार्यालयले राजश्व आम्दानीको मासिक फाँटवारी र बैङ्क दाखिला भौचर लेखापरीक्षण समक्ष पेश नगरेकोले सो को विवरण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु<br>**वडा नं.** \| **कर्मचारीको नाम** \| **रकम**<br>२ \| धनोज राय यादव \| ३२२३९७<br>६ \| शुसिलासिंह ठकुरी \| २०००<br>७ \| प्रभुदास यादव \| १६९९७५<br> \| **जम्मा** \| ४९४३७२ | ४९४,३७२ |
| ७४.२ | 43 | २०७७-५-८ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को नियम ३९(५) बमोजिम विल भर्पाइ सहितको लेखा राख्नुपर्दछ वडा नं.७ मा वडाध्यक्षको सिफारिस अनुसार पाकिजा लोकप्रिय हार्डवेयर सप्पायर्सबाट ट्रान्सफर्मर खरिद गरेकोमा सो ट्रान्सफर्मर कुन स्थानमा जडान भएको हो सोको जडान पेश नभएको रु. | ४९१,४३० |
| ७५ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु.१,३५,९३,७२७। को सोझै खरिद गरेको छ । प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण हुनुपर्दछ। | |
| ७६ | | | बेरुजु अनुगमन र सम्परीक्षण | |

क)अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण गराएको छैन ।गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

रु. हजारमा

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B |
|---|---|---|
| १८१८७१ | १०६८ | १८०८०३ |

ख) बेरुजु संपरीक्षण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम कार्यालयबाट आर्थिक बर्ष विभिन्नमा कायम बेरुजु मध्ये रु.१०,६७,७१०।- बेरुजु फछ्यौट गरी लगत कट्टाको लागि पेश भएकोमा रु.१०,६७,७१०।- को लगत कट्टा गर्न मनासिव देखिएको छ ।

| आर्थिक बर्ष | दफा नं. | बेरुजुको विवरण | अनुरोध रकम | संपरीक्षण रकम |
|---|---|---|---|---|
| २०७५/७६ | १५.१० | ना प्रा.स अनिसा चौधरीलाई नर्म्स बापत बढी भुक्तानी भएको रकम मिति २०७८।१।२२ मा आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्यौंट | १७० | १७० |
| २०७५/७६ | १५.१३ | प्रशिक्षक केशवराज आचार्यलाई प्रशिक्षण बापत बढी भुक्तानी भएको रकम मिति २०७८।१।२४ मा आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्यौंट | ३१०२ | ३१०२ |
| २०७५/७६ | १५.७ | अशोक कुमार यादवलाई नर्म्स बापत बढी भुक्तानी भएको रकम मिति २०७७।१२।१३ मा नेपाल बैङ्क लिमिटेडको राजश्व दाखिला भौचर नं.२४०९२९६ बाट राजश्व खातामा गरेको प्रमाण पेश भई फछ्यौंट | ९५२० | ९५२० |
| २०७५/७६ | १५.५ | बैठक भत्ता बापत बढी भुक्तानी भएको रकम आ.ब २०७७।७८ गो.भौ. नं. १८७-२०७७।१०।५ बाट सहजराम अहिर समेत २४ जनाको रु.१६३८६३ आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्यौंट | १६३८६३ | १६३८६३ |
| २०७५/७६ | २६.१ | प्रदेश कानुन बमोजिम भुक्तानी लिन नमिल्ने सञ्चार सुविधाबापतको रकम अध्यक्ष सहजराम अहिर समेत १० जनाको रु.१६३८६३ गो.भौ नं.१८७-२०७७।१०।५ बाट रु.१३८०००। असुल भई आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्यौंट | १३८००० | १३८००० |
| २०७५/७६ | २६.२ | न्यायिक समिति सदस्य कमला नेपालीलाई रु. ३००००।- र<br>आशाराम चौधरी रु. २४३६०।-समेत रु.५४३६० बढी भुक्तानी गरेको रकम गो.भौ.नं. १८७-०७७।१०।०५ बाट कट्टा गरी आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्यौं६ | ५४३६० | ५४३६० |
| २०७६/७७ | ७८ | मिना गुरुङलाई नर्म्स बापत बढी भुक्तानी भएको रकम मिति २०७८।१२।२२ मा आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्यौंट | १६०० | १६०० |
| २०७६/७७ | १.६ | सम्पत्ती बहाल कर बापतको रकम रु.५५१०५५।ने.रा.बै को राजस्व भौचर नं. ४४१४७९७ बाट मिति २०७८।११।६ मा संघिय सञ्चितकोष दाखिला भएको प्रमाण पेश भई पछ्यौंट | ५५१०५५ | ५५१०५५ |

| | | | | |
|---|---|---|---|---|
| २०७६/७७ | २३ | सञ्चार शुल्क भुक्तानी बापतको रकम ५ नं. वडाध्यक्ष प्रकाश भण्डारीले मिति २०७८।१०।१० मा आन्तरिक राजस्व खातामा दाखिला भएको प्रमाण पेश भइ फछ्र्यौट | ७००० | ७००० |
| २०७६/७७ | ७४ | पारिश्रमिक आयकर बापत पशु विकास अधिकृत हेमराज आचार्यले मिति २०७८।१।१३ मा ने. बैं.लि.मा राजस्व भौचर नं. १९९५०७० बाट रु. ७२८६।- दाखिला गरेको प्रमाण पेश भई फछ्र्यौट | ७२८६ | ७२८६ |
| २०७६/७७ | ७५ | अशोक कुमार यादवलाई नर्म्स बापत बढी भुक्तानी भएको रकम मिति २०७७।१२।१७ मा आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्र्यौट | ५४४० | ५४४० |
| २०७६/७७ | ७८ | नर्म्स भन्दा बढी भुक्तानी भएको रकम रेखा थापा, मधा न्यौपाने र कमला आचार्यले मिति २०७८।१०।०४ गते विभिन्न राजश्व दाखिला भौचरबाट बेरुजु दाखिला गरेको प्रमाण पेश भई फछ्र्यौट | ४८०० | ४८०० |
| २०७६/७७ | ७९ | बैठक भत्ता बापत ले.अ शम्भुराज आचार्यले आन्तरिक राजस्व खाता ०५११२०५००२८७३८००२ मा दाखिला गरेको प्रमाण पेश भई फछ्र्यौट | ६५०२५ | ६५०२५ |
| २०७६/७७ | ९२ | राजश्व ढिला दाखिला बापत वडासचिव बलराम पौडेलले रु. ८,०३०।-, वडासचिव भरत के.सी.ले रु. ७,४२४।-, वडासचिव पदमबहादुर थापाले रु. २१,०३५।- समेत रु.३६४८९ आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भई फछ्र्यौट | ३६४८९ | ३६४८९ |
| २०७६/७७ | १००.० | धरौटी खातामा जम्मा भएको राजश्व रकम धरौटी खाताबाट आन्तरिक राजश्व खातामा टान्सफर गरेको प्रमाण पेश भई फछ्र्यौट | २०००० | २०००० |
| | | कुल जम्मा | १०६७७१० | १०६७७१० |

ग)अद्यावधिक वेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ

रु.हजारमा

| गत वर्ष सम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १८०८०३ | ० | | ० | |